# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

निरन्तर विद्यार्थी मूल्याङ्कन भन्नाले शिक्षण सिकाइ प्रक्रिया संगसंगै निरन्तर रुपमा चलिरहने मूल्याङ्कन प्रक्रिया भन्ने वुझिन्छ । पठनपाठन संगसंगै निरन्तर चल्ने भएकोले निर्माणात्मक मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ ।

आधारभूत तहका विद्यार्थीहरुको मूल्याङ्कन नियमित रुपले गर्नु पर्ने (रा.शि.आ. २०४९), कक्षा दोहोऱ्याउने ,बीचैमा कक्षा छाड्ने समस्यालाई कम गर्न र विद्यर्थीको स्वभाविक रुपमा उदार कक्षोन्नतिको व्यवस्था गर्दा निरन्तर मूल्याङ्कन प्रणाली अबलम्बन गर्नु पर्ने ( उ.शि.आ.को प्रतिवेदन २०५५),विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्यक्रमको अवधारणा पत्र २०५८ मा समेत आधारभूत तहका कक्षाहरुमा निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्ने कुरामा जोड दिएको छ । विद्यालय क्षेत्र सुधार योजना (२०६६–०७२) मा व्यवस्था भए बमोजिम विद्यालयको संरचनामा परिवर्तन गरी कक्षा १–८ लाई आधारभूत तह मानेको छ । यस कार्यक्रम अनुसार कक्षा १–३ मा पूर्ण रुपमा , कक्षा ४ र ५ मा ५० प्रतिशत र कक्षा ६ र ७ मा ४० प्रतिशत  निरन्तर मूल्याङ्कन प्रणालीबाट मूल्याङ्कन गर्ने कार्यक्रम अगाडि सारेको छ ।

व्यक्तिमा भएको अन्तरनिहित प्रतिभा र क्षमतालाई उजागर गर्नु , सामाजिक उत्थान गर्नु, मानवीय मुल्य र मान्यतालाई कायम गर्नु, बैज्ञानिक शिक्षा प्रदान गर्नु, कार्यसम्पादन गर्न सक्ने नागरिक तयार गर्नु शिक्षाको मुख्य उद्देश्य हुन्छ तर शिक्षा क्षेत्रमा न्युनतम आधारभुत भौतिक तथा शैक्षिक पूर्वाधारको कमी ,शिक्षकको गुणस्तर र वृत्तीविकास बीच समन्वयको अभावका कारण सो उद्देश्य प्राप्त गर्न कठिनाइ भएको छ । यस अवस्थालाई मध्य नजर गरि मूलुकका सबै नागरिकलाई साक्षर बनाउने र गुणस्तरयुक्त तथा रोजगारीमूलक शिक्षा प्रदान गर्नु पर्छ । (रा.यो.आ. २०६३)

सिकाइ प्रक्रिया संगसंगै चलिरहने मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ । यो निरन्तर रुपमा चलिरहन्छ । यसले विद्यार्थीको सिकाइमा सुधार गर्छ । यो निर्माणात्मक र विद्यार्थीको कक्षा कार्यबाट नै हुन्छ । यसमा विद्यार्थीलाई तत्कालै आवश्यक सुझाव दिने, सुधार गर्ने र आवश्यकता अनुसार अन्य थप सहयोग गरिन्छ । यसमा आवश्यकता अनुसार उपचारात्मक शिक्षण सिकाइ पद्दति समेत अपनाउने गरिन्छ । यसबाट विद्यार्थीको व्यवहार सुध्रदै जाने, व्यवहार निर्माण हुँदै जान्छ । ( निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन निर्देशिका २०६७ ) प्राथमिक शिक्षाले हरेक व्यक्तिमा नैतिक चरित्र निर्माण गरी उनीहरुलाई आफ्नो भावी जीवनको लागि आवस्यक पर्ने ज्ञान, सिप, धारणा र व्यावहारिकता प्रदान गर्दछ । प्राथमिक शिक्षा आधारभुत शिक्षा भएकोले यसवाट कुनै बालवालिका वञ्चित हुनु हुदैन । सवैलाई प्राथमिक शिक्षामा पहुँच पुऱ्याउनै पर्छ । तर विभिन्न कारणले गर्दा विकासोन्मुख राष्ट्रका वालवालिकाहरुको शिक्षामा पहुँच कम देखिन्छ । प्राथमिक विद्यालयमा वालवालिका भर्ना भएर पनि अन्य विविध कारण जस्तै मूल्याङ्कनका कारणले समेत असफल भइ विचैमा पढाइ छोड्नु पर्ने वाध्यता सिर्जना भएको देखिन्छ । विद्यालय तहमा निर्णयात्मक मूल्याङ्कन प्राणालीको मात्र प्रयोग भएको पाइन्छ । मूल्याङ्कन प्रणालीमा निर्णयात्मक मूल्याङ्कनले मात्र विद्यार्थीको वास्तविक मूल्याङ्कन हुन सक्दैन । यस तहमा मूख्य रुपले निर्माणात्मक मूल्याङ्कन प्रणाली अपनाउनु पर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने गहन कार्य हो ।

यस्तै परिवर्तित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार प्रा.तह कक्षा १–५ मा २०६३ सालबाट क्रमशः लागु भएको पाठ्यक्रममा मूल्याङ्कन प्रणाली अपनाउँदा निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनु पर्ने कुरा उल्लेख गरिएको छ । हाल आधारभूत तहको कक्षा ६ र ७ मा यो प्रणाली लागु भइसकेको छ । यस्तै प्रा.शि. तथा आधारभूत शिक्षा पाठ्यक्रममा व्यवस्था भए बमोजिम कक्षा १–७ का विद्यार्थीको कार्य सञ्चयिका फायल खडा गरी विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीको व्यवहारमा आएको परिवर्तन, अवलोकन, हाजिरी आदिद्धारा अद्यावधिक गर्नु पर्ने कुरा व्यवस्था गरिएको छ । कक्षा १–३ मा पूर्ण रुपमा निरन्तर मूल्याङ्कन प्रणालीबाट कक्षोन्नति गर्नु पर्ने, उनीहरुले गरेको प्रगतिको आधारमा “क, ख, ग,” श्रेणीमा बर्गीकरण गरिनुपर्ने ब्यवस्था गरिएको छ । (पा.बि.के. २०६२)

नेपाल एक विकासोन्मुख राष्ट्र भएकोले यहाँका अधिकांश वालवालिकाहरु विद्यालयमा प्रवेश गरे पनि केबल निर्णयात्मक मूल्याङ्कन प्रक्रिया विद्यालयमा लागु गरिएकाले तथा निर्माणात्मक मूल्याङ्कनको कम प्रयोगले गर्दा असफल भइ विचैमा विद्यालय छोड्नु पर्ने बाध्यतामा देखिन्छन् । त्यसैले सम्पूर्ण विद्यालय उमेरका वालवालिकालाई शिक्षामा पहुँच पुऱ्याउनका लागि र सवैलाई शिक्षामा सहभागी वनाउनका लागि यसको आवश्यकता परेको हो । २०५६ सालमा परिक्षणका रुपमा नेपालका ५ जिल्ला इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कन्चनपुर जिल्लामा लागु गरीएको निरन्तर विद्यार्थी मूल्याङ्कन २०६३ सालदेखि नेपालका सम्पूर्ण प्राथमिक तहहरुका लागु भै सकेको छ भने २०७१ सालमा कक्षा ७ मा यो प्रणाली लागु भइ रहेको छ । यस मूल्याङ्कन प्रणालीले आधारभूत तहमा सकारात्मक प्रभाव पार्नेमा विश्वस्त हुन सकिन्छ । २०६२ साल भन्दा अगाडिको मूल्याङ्कन प्रणाली र यताको प्रणालीमा निकै भिन्नताहरु पाइन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबाट  वाल वालिकाहरुले प्रायः असफलता व्योहोर्नु पर्दैन भने विचैमा पढाइ छाड्ने अवस्था पनि आउदैन । तसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवहारिक रुपमा प्रयोग गरेको खण्डमा विद्यालय उमेरका सवै वालवालिकाहरुको शिक्षामा पहुँच पुग्न सक्ने देखिन्छ ।

## १.२ समस्याको कथन

नेपालको विद्यालय तहमा निर्णयात्मक मूल्याङ्कनले मात्र अपेक्षित शैक्षिक उद्देश्य प्राप्त हुन नसकी विद्यालय उमेरका बालबालिकाहरुको  शिक्षामा पहुँच नभएको अवस्था मध्यनजर गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली २०५६ सालबाट परीक्षणका रुपमा लागु गरी यसको सकारात्मक प्रभावलाई मध्यनजर गरी प्रा.शि. पाठ्यक्रम २०६२ अनुसार २०६३ सालदेखि कक्षा १ देखि क्रमश : लागु हुदै आएको हो । निर्णयात्मक मूल्याङ्कन प्रणालीबाट मात्र विद्यार्थीको यथार्थ मूल्याङ्कन  हुन सक्दैन । विद्यार्थीहरुका सबै पक्षलाई मध्य नजर गरी मूल्याङ्कन गरीनु पर्छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीलाई सिकाइकालागि प्रेरणा प्रदान गर्दछ । सिकारुमा सिक्ने भावना जागरुक हुन्छ  । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा पठनपाठन सँगसँगै उनीहरुका क्रियाकलाप अध्ययन तथा अवलोकन गरेर मूल्याङ्कन गर्ने गरीन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गरीएता पनि यसको विद्यालयमा कति प्रभावकारी रुपमा कार्यान्वयन भयो भन्ने कुरा थाहा पाउनु जरुरी छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनको प्रभावकारीता कस्तो छ ? निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी कस्तो नीतिगत व्यवस्था छ ? विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभाव के कस्तो रहेको छ ? यसले विद्यार्थीहरुलाई कस्तो प्रभाव पारेको छ ? शिक्षक र विद्यार्थीहरुलाई सहज भएको छ छैन ? सिकाइ उपलब्धिमा बृद्धि भएको छ छैन ? निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा कस्ता समस्याहरु देखा परेका छन् ? निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्दा आइपरेका समस्या समाधानका उपायहरु केके हुन सक्छन् ? आदि कुरा थाहापाउन सकेमा मात्र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारीताको वास्तविकता बुझ्ने प्रयासका लागि यो विषयलाई समस्याको रुपमा लिइ अध्ययन गरेको छु ।

## १.३ अध्ययनको औचित्य

पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उपलब्धिहरु न्युन रुपमा प्राप्त भई रहेको अवस्थामा मूल्याङ्कन प्रणाली बढी प्रभावकारी बनाउनु पर्ने देखिन्छ । शिक्षण क्रियाकलाप सँगसँगै मूल्याङ्कन प्रक्रिया बढी सफल र प्रभावकारी बनाउनु पर्ने विभिन्न अध्ययनले औँल्याएको सन्दर्भमा यो अध्ययनले केही सहयोग पुऱ्याउन सक्छ भन्ने आशा गरेको छु । प्रभावकारी मूल्याङ्कन प्रणालीको अभावमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिलाई सहज रुपमा मूल्याङ्कन गर्न र अभिभावकलाई सुसूचित गराउन सकिएको छैन ।

विद्यार्थीहरुको यथार्थ र वास्तविक मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कनवाट मात्र सम्भव हुन्छ । विद्यार्थीहरुको उपलब्धि मापन गर्न केवल निर्णयात्मक मूल्याङ्कन मात्र पर्याप्त हुदैन । निरन्तर विद्यार्थी मूल्याङ्कनवाट विद्यार्थीहरुको सवै पक्षहरुको मूल्याङ्कन गर्न सकिन्छ । पठनपाठन संगसंगै उसको व्यवहार, नियमितता, हाजिरी, कक्षा सहभागिता, कक्षा सक्रियता,उपलब्धि परीक्षा आदि पक्षहरुको पनि मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कनवाट हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीवाट सवै पक्षहरुको यथार्थ मूल्याङ्कन हुने हुँदा विद्यार्थीले कक्षामा असफलता व्योहोर्नु पर्दैन । उदार कक्षोन्नतिको व्यवस्था यसमा भएकोले सिकाइमा पनि प्रोत्साहन मिल्छ । विद्यार्थीहरुले सिक्ने वातावरण पाउँछन् । कक्षामा असफलता नहुने भएका कारण विचैमा पढाइ छाड्नुपर्ने समस्या पनि आउदैन र विद्यार्थीले

पढाइलाई निरन्तरता दिइ रहन पाउने अवस्था आउँछ। विद्यार्थीहरुमा ज्ञान, सीप, अभिवृत्ती र व्यवहारमा सकारात्मक परिवर्तन आउँछ। त्यसैले यस अध्ययनको औचित्यतालाई यसरी प्रष्ट पार्न सकिन्छ :

क. आधारभूत तहको शैक्षिक उपलब्धिको विश्लेषण गरी निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारीताको अध्ययन हुने।

ख. आधारभूत तहको वर्तमान पाठ्यक्रमको मूल्याङ्कन प्रक्रियाको प्रभावकारीता र व्यवस्थापन पक्षको अध्ययन गरी सुझाव प्राप्त हुने।

ग. निरन्तर मूल्याङ्कन प्रणाली प्रति शिक्षक, विद्याार्थी र अभिभावकको प्रतिक्रिया र सहभागिताको अवस्था पहिचान हुने ।

घ. निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग गरी उदार कक्षोन्नति नीतिलाई कार्यान्वयन गर्न सहयोगी हुने आदि।

## १.४ अध्ययनका उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क. आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारीता पहिचान गर्नु ,

ख. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा देखिएका समस्याहरु खोजी गर्नु ,

घ. निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने उपायहरु सुझाउनु।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

विद्यार्थी मूल्याङ्कनका लागी निरन्तर मूल्याङ्कन प्रणालीको महत्व आवश्यकता, औचित्यता, तयारी तथा प्रभावकारी कार्यान्वयनको अवस्था अध्ययन गर्नका लागि निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

क. निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारीता कस्तो छ ?

ख. आधारभूत तहमा विद्यार्थीहरुको मूल्याङ्कन गर्न तथा उपलब्धि मापन गर्न के कस्तो प्रक्रिया अपनाउनु भएको छ ?

ग. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्न के कस्ता समस्याहरु आइपरेका छन् ?

घ. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्न कस्ता साधनहरु प्रयोग गरिएका छन् ?

ङ. निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गर्न नसक्नुका कारणहरु के के हुन् ?

च. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली व्यवस्थित एवं प्रभावकारी रुपमा कार्यान्वयन गर्न के कस्ता उपायहरु अपनाउदा राम्रो होला ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि विषयवस्तु वा समस्याको अध्ययन अनुसन्धान गर्दा समय, स्रोत र साधनलाई मध्यनजर गरी अध्ययन क्षेत्र निर्धारण गर्नु पर्ने हुन्छ । यो अध्ययन छोटो समयमा एउटा प्राज्ञिक योग्यता प्राप्तिका लागि मात्र भएकोले यसको अध्ययनको लागि निम्नानुसार सीमा निर्धारण गरिएको छ :

१. सङ्खुवा सभा जिल्लाको ताम्कू स्रोतकेन्द्र ।

२. ताम्कू स्रोतकेन्द्र अन्तरगतका प्रा.वि.२ ,नि.मा. १, मा.वि. १,उ.मा.१ गरी  जम्मा ५ वटा विद्यालयहरु ।

३. ताम्कू स्रोतकेन्द्रका स्रोतव्यक्ति ।

४. छनौटमा परेका विद्यालयका प्र.अ. हरु ।

५. नमुना विद्यालयका २/२ जना शिक्षकहरु ।

६. नमुना विद्यालयका २/२ जना विद्यार्थीहरु ।

७. नमुना विद्यालयका वि.व्य.स.अध्यक्षहरु ।

८. नमुना विद्यालयका २/२ जना अभिभावकहरु ।

## १.७ मुख्य शव्दहरुको अर्थ

| | |
|---|---|
| निरन्तर विद्यार्थी मूल्याङ्कन : | पठनपाठन संगसंगै गरिने मूल्याङ्कन । |
| सामुदायिक विद्यालय : | नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय । |
| स्रोत केन्द्र : | शैक्षिक कार्यक्रम संचालन गर्न निर्माण भएको क्षेत्रगत शैक्षिक एकाइ । |
| सरोकारवाला : | विद्यालयमा प्रत्यक्ष वा परोक्ष रुपमा सम्वन्ध भएका व्यक्ति वा समुह । |
| विद्यालय व्यवस्थापन समिति : | विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि शिक्षा नियमावली वमोजीम गठित समिति । |
| विद्यालय क्षेत्र सुधार योजना : | शिक्षा मन्त्रालयद्धारा परिलक्षित आधारभूत तथा मा.शि.का लक्ष्य प्राप्त गर्न २०६६/०६७ देखि ०७२/०७३ सम्मका लागि तयार गरिएको शैक्षिक रणनीतिक योजना |
| अभिलेख फारम : | विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न प्रयोग गरिने फारम । |
| विद्यार्थी प्रगति विवरण : | विद्यार्थीको श्रेणी तथा प्राप्ताङ्क उल्लेख गर्ने फारम । |
| कार्यसञ्चयिका : | विद्यार्थीको सम्पूर्ण व्यक्तिगत विवरणको अवस्था झल्काउने फारम । |
| नि.वि.मू. कार्यान्वयन निर्देशिका: | विद्यार्थीको निरन्तर मूल्याङ्कन कार्यान्वयन सम्वन्धि प्रक्रिया उल्लेख गरिएको सामग्री । |
| नियमावली : | शिक्षा नियमावली २०५९ । |
| प्रवोधिकरण सामग्री : | परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गराउन शिक्षकहरुलाई अग्रिम जानकारी गराउने शैक्षिक सामग्री । |

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक आधार

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

आफुले अध्ययन गर्न लागिएको विषयमा कुनै व्यक्ति संघ,संस्था वा निकायबाट अध्ययन अनुसन्धान भए नभएको जानकारी प्राप्त गर्ने , अध्ययन भइ सकेको भए उक्त अध्ययनले जानकारीमा ल्याएको तथ्यपूर्ण कुराहरु साथै प्रकाशमा ल्याउन नसकेका कुराहरु र सवल, सुधारात्मक पक्षहरु समेत समावेश गरी अध्ययन विश्लेषण एवम् समिक्षा गर्ने कार्यलाई नै सम्बन्धित साहित्यको पुनरावलोकन भनिन्छ ,जसले अनुसन्धानकर्तालाई आफ्नो अध्ययनको विषयको गहनता, महत्व, औचित्य समेतलाई प्रष्ट्याउन मद्धत गर्ने हुनाले सम्बन्धित साहित्यको पुनरावलोकनलाई यस प्रकार प्रस्तुत गरीएको छ :

### १. अनुसन्धान प्रतिवेदनको समीक्षा

पोखरेल, निलमणी (२०६९) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवस्था नामक शोधपत्र अनुसार शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह द्धितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि सङ्खुवा सभा जिल्ला ताम्कू स्रोतकेन्द्र अन्तरगतका ६ वटा अधारभूत तहका सामुदायिक विद्यालयलाई अध्ययनको क्षेत्र वनाइ तयार गरीएको यस शोधकार्यमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्वन्धि वर्तमान अवस्था, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्यनमा देखिएका समस्या तथा समाधानका उपायहरु खोजी गर्ने तथा प्रभावकारी रुपमा कार्यान्यन गर्ने उपाय सुझाउने उद्देश्यलाई प्रमुख आधार मानी सम्पन्न गरिएको छ । यस शोधकार्यमा शोधकर्ताद्धारा विद्यालयमा नि.वि.मू. प्रणालीको अवस्था कस्तो रह्यो, सिकाइ उपलब्धिमा कतिको सुधार आउन सक्यो, नि.वि.मू.ले शिक्षक तथा विद्यार्थीमा कस्तो प्रभाव पार्न सक्यो, नि.वि.मू.को कार्यान्यन कस्तो रह्यो, नि.वि.मू.र आवधिक परीक्षा मध्ये कुन बढी प्रभावकारी

भयो, यसका बारेमा शिक्षक अभिभावकलाई कति जानकारी छ,, जस्ता विविध पक्षमा यो शोध पत्र केन्द्रित रहेको पाईन्छ ।

यस अध्ययनलाई पूरा गर्न सङ्खुवा सभा जिल्ला ताम्कू स्रोतकेन्द्र  अन्तरगतका ६ वटा अधारभूत तहका सामुदायिक विद्यालयका प्र.अ.,,शिक्षक, विद्यार्थी, वि.व्य.स., अभिभावक, स्रोत व्यक्ति आदिद्धारा तथ्याङ्क सङ्कलन, प्रश्नावली वितरण, छलफल,स्थलगत भ्रमण, अवलोकन तथा विश्लेषण गरेर तथा विभिन्न प्रक्रिया अपनाइ शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा नि.वि.मू. प्रणाली कार्यान्वयनको वर्तमान अवस्था  पत्ता लगाई त्यसको कार्यान्वयनमा आएका समस्याहरु समाधान गर्नका लागि अनुसन्धानात्मक प्रश्नको सेरोफेरोमा रही अनुसन्धानका उद्देश्यलाई थप स्पष्ट गर्नु भएको छ । नि.वि.मू.ले विद्यार्थीको यथार्थ मूल्याङ्कनको प्रमुख आधार वनाइएको, खर्चिलो तथा झन्झटिलो रहेको, शिक्षक तालिम अपूर्ण रहेको, शिक्षक दरवन्दी कम भएको, माथिल्लो तहवाट अनुगमनमा कमी भएको,वर्तमान अवस्था त्यति सन्तोषजनक नरहेको जस्ता समस्या उल्लेख गर्नु भएको छ । नि.वि.मू. प्रभावकारी कार्यान्वयनका लागि केन्द्रिय तह, जिल्ला तह तथा स्थानीय तहलाई नि.वि.मू.का वारेमा आम सहमति जुटाउने, पा.वि.के. ले अझ ठोस पहल गर्नु पर्ने, उचित सहयोग तथा नियमित अनुगमन गर्नु पर्ने, केन्द्र देखि जिल्ला तह सम्मका निकायहरुलाई जिम्मेवारी प्रदान गर्नु पर्ने, सवै प्रकारका शिक्षक तालिममा नि.वि.मू. लाई समावेश गर्ने, पाठ्यक्रम प्रवोधिकरण गर्नु पर्ने, विद्यालयले अनिवार्य रुपमा लागु गर्नु पर्ने जस्ता निष्कर्ष सहितको सुझावहरु यस प्रतिवेदनमा प्रस्तुत गर्नु भएको छ ।

यस सोध कार्यको अध्ययनवाट के प्रष्ट हुन्छ भने निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीको यथार्थ मूल्याङ्कनका लागि विचैमा कक्षा छोड्ने, दोहोऱ्याउने दर कम गर्नका लागि तथा शैक्षिक क्षतिलाई कम गर्नका लागि कार्यान्वयन गरीने मूल्याङ्कन प्रक्रिया हो । विद्यार्थी मूल्याङ्कन गर्दा परम्परागत परीक्षा प्रणालीलाई निरुत्साहित गरी निश्चित मापदण्डका आधारमा विद्यार्थीहरुको पठनपाठन संग संगै निरन्तर रुपमा मूल्याङ्कन गरी सिकाइ उपलब्धिमा वृद्धि गर्ने प्रमुख उद्देश्य रहेको छ ।

यसरी शिक्षण सिकाइ प्रक्रियामा क्रमिक सुधार ल्याउनका लागि नि.वि.मू.को प्रभावकारी कार्यान्वययनमा निरन्तरता दिनु पर्छ , जसका लागि सम्पूर्ण सरोकारवालाहरुको सक्रिय संलग्नता हुनु पर्छ । सम्वन्धित निकायवाट कार्यान्वयन भए नभएको प्रभावकारी अनुगमन तथा समन्वयकारी भूमिका रहनु पर्छ । नि.वि.मू. प्रभावकारी कार्यान्वयनका लागि तालिम, गोष्ठि, सेमिनार, अन्तरक्रिया आदिको आयोजना गरी सम्वन्धित पक्षले आत्मसात गर्नु पर्छ । यस शोधकार्यको अध्ययनवाट विद्यार्थीहरुको यथार्थ मूल्याङ्कन गर्न नि.वि.मू. अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्छ । शैक्षिक गुणस्तर, भर्ना दर, उपस्थिती दर वढाउन, विचैमा पढाइ छाड्ने, कक्षा दोहोऱ्याउने दर घटाउन यस शोध पत्रले सुझाव सहितको सहयोग पुऱ्याएको देखिन्छ ।

शर्मा, वासुदेव (२०६४), सामुदायिक विद्यालयमा नि.वि.मू.प्रणालीको प्रभावकारिता नामक शोधपत्रानुसार यो शोध पत्रको उद्देश्य परीक्षणका रुपमा लागु गरीएको चितवन जिल्लाका सामुदायिक विद्यालयमा नि.वि.मू. को प्रभाव कस्तो रह्यो, सिकाइ उपलब्धिमा कतिको सुधार आउन सक्यो, कक्षा छाड्ने  र दोहोऱ्याउने दर, उपस्थिति दर, कक्षोन्नति दरमा के कति सुधार आउन सक्यो, नि.वि.मू. ले शिक्षक र अभिभावकमा कस्तो प्रभाव पार्न सक्यो जस्ता पक्षमा अध्ययन गर्नु रहेको छ । नेपाल सरकारले परीक्षणका रुपमा लागु गरेको नि.वि.मू. सामुदायिक विद्यालयमा कति कार्यान्वयन हुन सक्यो ? यसको प्रभाव कस्तो रह्यो ? यस प्रणालीवाट उत्पादन भएका जनशक्ति कति गुणस्तर युक्त छन् छैनन् ? विगतको उत्पादन भन्दा सुधार भयो भएन ? सिकाइ उपलब्धि के कस्तो रह्यो ? निरन्तर विद्यार्थी मूल्याङ्कन र परीक्षा प्रणाली मध्ये कुन वढी प्रभावकारी भयो ? यसका वारेमा शिक्षक र अभिभावकलाई कति जानकारी छ ? जस्ता विविध पक्षहरुमा यो शोधपत्र केन्द्रित रहेको पाइन्छ । यस विषयमा कुनै पनि व्यक्तिसंग औपचारिक रुपमा छलफल नभएकोले, अध्ययन अनुसन्धान कतै कसैवाट नभएकोले, सोधकर्तालाई यसवारे अध्ययन गर्न उत्सुकता वढेकोले तथा अध्ययन गर्नु पर्ने आवश्यकता वढेकोले यस विषयमा अध्ययन गरीएको पाइन्छ । यो नि.वि.मू. प्रणाली परीक्षणका रुपमा प्रा.तहमा लागु भएको र सो को मूल्याङ्कन , अध्ययन, अनुसन्धान गरी यथार्थ स्थिती आम अभिभावक, शिक्षक, विद्यार्थी र शिक्षा संग सम्वन्धित व्यक्ति वा निकाय समक्ष प्रस्तुत गरीने भएकोले प्रस्तुत शोधपत्र केन्द्रित छ । परीक्षणका रुपमा प्रा.तह कक्षा १ देखि ३ मा नि.वि.मू. लागु भए पछि पनि पछिल्ला वर्षहरुमा ०६४

देखि पूनः नि.वि.मू. लाई छोडि आवधिक परीक्षण प्रणालीलाई नै प्रयोग गरेको, नि.वि.मू. को उपलब्धि आउन नसकेको कारणवाट यसको तपशीलमा उल्लेखित उद्देश्य पूरा गर्न चितवन जिल्लाको भरतपूर न.पा. का विद्यालयमा प्रयोगमा ल्याइएको नि.वि.मू.को प्रभावकारीता पत्ता लगाउन यो शोधपत्र केन्द्रित छ ।

यस शोधपत्रमा निम्न उद्देश्यहरुमा शोधकर्ता केन्द्रित रहेका छन् :

क. नेपालका सामुदायिक विद्यालय अन्तरगतका प्रा.वि. का विद्यार्थी मूल्यांकनका प्रचलित विधीहरुको जानकारी लिने ।

ख. नि.वि.मू मा देखिएका समस्याहरु पत्ता लगाउने ।

ग. नि.वि.मू. प्रणालीलाई प्रभावकारी वनाउने क्रममा देखिएका समस्या समाधानका उपायहरु सुझाउने ।

यस अध्ययनमा चितवन जिल्ला भरतपूर न.पा. अन्तरगतका नमूनामा परेका ४ वटा विद्यालयका प्रधनाध्यापक, शिक्षक, विद्यार्थी अभिभावक एवम् स्रोतव्यक्ति आदिवाट तथ्याङ्क सङ्कलन गरीएको छ । प्रश्नावली वितरण गरी, छलफल, स्थलगत भ्रमण, अवलोकन गरी प्राप्त तथ्याङ्कको  विश्लेषण र व्याख्या आदि प्रक्रिया अपनाइ शोधपत्र तयार गरेको छ । यसरी शिक्षण सिकाइ प्रक्रियामा क्रमिक सुधार ल्याउनका लागि नि.वि.मू.को प्रभावकारी कार्यान्वययनमा  निरन्तरता दिनु पर्छ , जसका लागि सम्पूर्ण सरोकारवालाहरुको सक्रिय संलग्नता हुनु पर्छ । सम्वन्धित निकायवाट कार्यान्वयन भए नभएको प्रभावकारी अनुगमन तथा समन्वयकारी भूमिका रहनु पर्छ । नि.वि.मू. प्रभावकारी कार्यान्वयनका लागि तालिम, गोष्ठि, सेमिनार, अन्तरक्रिया आदिको आयोजना गरी सम्वन्धित पक्षले आत्मसात गर्नु पर्छ । यस अध्ययनमा अध्येताले प्रा.शि. पाठ्यक्रम २०६२ अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन प्रभावकारी रुपमा नभएको, विद्यालयमा परीक्षा प्रणालीलाई नै प्रमुख विद्यार्थी मूल्याङ्कनको प्रमुख आधार वनाइएको, विद्यालयका प्र.अ. तथा शिक्षकहरुले आफ्नो दायित्व पूर्ण रुपमा निर्वाह नगरेको, खर्चिलो तथा झन्झटिलो भएको, शिक्षक तालिमको व्यवस्था कम प्रभावकारी भएको, माथिल्लो तहवाट प्रभावकारी अनुगमन नभएको जस्ता समस्या प्रस्तुत गर्नु भएको छ । विद्यार्थीहरुको यथार्थ मूल्याङ्कन गर्नको लागि प्र.अ. तथा शिक्षकहरुले आफ्नो जिम्मेवारी वहन गर्नु पर्ने, मूल्याङ्कनको प्रमुख आधार निरन्तर

मूल्याङ्कन प्रणालीलाई वनाउनु पर्ने , परिवर्तित समय अनुसार शिक्षक तालिमलाई निरन्तरता दिइनु पर्ने, माथिल्लो निकायवाट प्रभावकारी अनुगमन गरिनु पर्ने, अनिवार्य रुपमा यो प्रणाली कार्यान्वयन गराउन पहल गर्नु पर्ने जस्ता महत्वपूर्ण सुझावहरु यस प्रतिवेदनमा प्रस्तुत गर्नु भएको छ ।

## २. जर्नल समिक्षा

भुसाल, चन्द्रकान्त (२०६६), अनुसार शैक्षिक विकासका वहु आयामिक चिन्तन भन्ने कृतिमा लेखकले विद्यार्थी मूल्याङ्कन प्रक्रियाका वारेमा आफ्नो विचार तथा अभिव्यक्ति अगाडि सार्नु भएको छ । यो लेख विद्यार्थी मूल्याङ्कन प्रक्रिया संग सम्वन्धित छ । यस लेखमा लेखकले मूल्याङ्कनको परिचय, यस संग सम्वन्धित पदावलीहरु (Testing, मापन, परीक्षा) को परिचय गराउदै मूल्याङ्कनका प्रकारहरुका वारेमा आफ्नो धारणा प्रस्तुत गर्नु भएको छ ।

विद्यार्थी मूल्याङ्कनका उद्देश्यहरुमा शिक्षा सुधारको प्रयोजन, पथ प्रदर्शन परामर्श तथा सिकाइ स्तर सुधारको प्रयोजन, प्रशासनिक वा स्तर निर्धारण सम्वन्धी प्रयोजन रहेको औंल्याउदै लेखक विद्यार्थी मूल्याङ्कन प्रक्रियामा प्रवेश गर्नु भएको छ । विद्यार्थी मूल्याङ्कन प्रक्रिया चक्रिय रुपमा सञ्चालन भएको हुन्छ जसमा उद्देश्य, शिक्षण सिकाई, मूल्याङ्कन तथा पृष्ठपोषण रहेका हुन्छन् ।

यस लेखमा लेखकले निर्माणात्मक मूल्याङ्कनका वारेमा उल्लेख गर्दै निरन्तर विद्यार्थी मूल्याङ्कन तथा उदार कक्षोन्नति नीतिका वारेमा प्रकाश पार्नु भएको छ । नेपाल सरकारले यस सम्वन्धमा गरेको नीतिगत तथा कानुनी व्यवस्था तथा कार्यक्रमका वारेमा उल्लेख गर्दै विद्यार्थी मूल्याङ्कनका विविध विधिहरु मध्ये अवलोकन, विद्यार्थी कार्य सञ्चयिका कक्षा कार्य, गृहकार्य, घटनावृत्त अभिलेख, उपलब्धि परीक्षा, निदानात्मक परीक्षा, हाजिरी जवाफ आदि जस्ता मूल्याङ्कनका साधनहरुको व्यवस्था गरिएको कुरा व्यक्त गर्नु भएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्वन्धमा लेखकले कक्षा १–३ मा निर्माणात्मक मूल्याङ्कन/निरन्तर विद्यार्थी मूल्याङ्न आधारमा विद्यार्थी मूल्याङ्कन गरी उदार कक्षोन्नति गर्ने व्यवस्था भएको र कक्षा ४ र ५ मा ५० प्रतिशत निरन्तर मूल्याङ्कन पद्धति

र ५० प्रतिशत आवधिक परीक्षाको आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको कुरा प्रष्ट्याउनु भएको छ ।

विद्यार्थी मूल्याङ्कन सम्वन्धि विधिहरुका वारेमा लेखकले अवलोकन, घटनावृत्त अभिलेख, सञ्चित अभिलेख, अन्तरवार्ता, आत्म मूल्याङ्कन, सिर्जनात्मक कार्य, सामाजिक व्यवहार, कार्य सञ्चयिका, रुजु सूची, रेटिङ स्केल जस्ता विधिहरु उल्लेख गरिएको कुरा प्रस्तुत गर्नु भएको छ । यस लेखमा लेखकले विद्यार्थी मूल्याङ्कन सम्वन्धी हाल सम्मका अभ्यासमा आइपरेका समस्या कारण र प्रभावका वारेमा पनि प्रकाश पार्नु भएको छ । यस सम्वन्धमा मूल्याङ्कन कार्यान्वयनमा आएका प्रमुख समस्याहरुमा धेरै जसो विद्यालयमा निर्माणत्मक मूल्याङ्कन प्रणाली अंगिकार गर्न नसकिएको, मूल्याङ्कन परीक्षामुखी सिद्धान्तवाट अभ्यास गरिएको, निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्था गरिएको भए पनि समग्र पक्षको मूल्याङ्कन तथा सो का आधारमा शिक्षा पद्धतिको मूल्याङ्कन प्रयास सफल वन्न नसकेको, मूल्याङ्कनलाई विद्यार्थीको स्तर, रुची एवं आवश्यकतासंग आवद्ध गर्न नसकिएको, नि.वि.मू., प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको, परीक्षालाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउन नसकिएको जस्ता कुराहरु प्रस्तुत गर्नुका साथै समस्याका कारणहरुका वारेमा पनि उल्लेख गरी समस्याका प्रभावहरुको खोजी तथा समस्या समाधानका सम्भाव्य उपायहरु पनि प्रस्तुत गरिएको यस विषयमा लेखकले विद्यार्थी मूल्याङ्कन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अवलम्वन गरी यसलाई निरन्तर प्रक्रियाका रुपमा अगाडि वढाउनु पर्ने, निर्माणात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थी मूल्याङ्कन गरिनु पर्ने, यस सम्वन्धमा अवधारणागत अस्पष्टतालाई स्पष्ट वनाउनु पर्ने, स्रोत र साधनमा वृद्धि गरिनु पर्ने, निर्माणात्मक मूल्याङ्कन प्रभावकारी कार्यान्वयनमा जोड दिनुका साथै मूल्याङ्कनका समग्र पक्षहरुको कार्यान्वयन गरी उपयुक्त संयन्त्रको विकास गरेर कार्यान्वयन गराउने, सम्वद्ध निकायहरुको संस्थागत क्षमता विकासका साथै आपसी समन्वय कायम गरी सामाजिक सचेतना कार्यक्रम अभियानका रुपमा अघि वढाउनु पर्ने निष्कर्ष यस लेखको रहेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यो अध्ययन सञ्चालन गर्न तथा सैद्धान्तिक ज्ञानलाई अझ फराकिलो वनाउन विभिन्न सिद्धान्तकारहरुले प्रतिपादन तथा प्रयोग गरेका धारणाहरुलाई आधार मानिएको छ । यिनै सैद्धान्तिक आधारलाई यस अध्ययनको प्रमुख पक्षको रुपमा लिएको छ । विभिन्न विद्वान, चिन्तक तथा शिक्षाविद्हरुले सम्बन्धित विषयमा दिइएका धारणा, विचार तथा अभिमतहरुलाई यस अध्ययनलाई प्रभावकारी, उद्देश्यमूलक तथा यथार्थ वनाउन निम्न विद्वान तथा विचारकहरुका चिन्तनहरुलाई प्रमुख आधार वनाइएको छ ।

शिक्षा एउटा सामाजिक प्रक्रिया भएकाले समाज विकासका सन्दर्भमा उदय भएका सिद्वान्तहरूले शिक्षाको क्षेत्रमा पनि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । तसर्थ यो अध्ययन (निरन्तर विद्यार्थी मूल्याङ्कन) उदार कक्षोन्नतिसँग अन्तर सम्बन्धित रहेको पाइन्छ । उदारवाद अङ्ग्रेजी शव्द Liberalism को नेपाली रूपान्तर हो । यसको अर्थ सबैले समान सुविधा र स्वतन्त्रताको अधिकार पाउनु वा मिल्नुपर्छ भन्ने आधुनिक राजनैतिक तथा आर्थिक सिद्वान्त हो । उदारवादको जन्म सातौं शताव्दीमा भएको भनिए तापनि प्राचीन ग्रिक नगर राज्यबाट विकास भएको पाइन्छ । आधुनिक उदारवादको सिद्वान्तहरूमा आदानप्रदानको सम्पूर्ण ढोका सधैं खुल्ला रहनु, ठूला उद्योगको राष्ट्रियकरण, सूचित शिक्षाको व्यवस्था मुख्य छन् (नेपाली शव्द सागर, २०५७) ।

उक्त सिद्वान्तले सबैलाई समान सुविधा र स्वतन्त्रता पाउनुपर्ने कुरा उल्लेख गरेको छ । यसका लागि व्यक्तिका सबै पक्षको अध्ययन हुनु आवश्यक हुन्छ । सबै पक्षको अध्ययनको अभावमा कसलाई के सुविधा कति मात्रामा छ भन्ने कुरा थाहा पाउन सकिंदैन । व्यक्तिका सबै पक्षको अध्ययन छोटो समयमा हुन सक्दैन तसर्थ यो नियमित र निरन्तर हुनु आवश्यक छ । यसरी निरन्तर मूल्याङ्कनका आधारमा बालबालिकाका समस्या र आवश्यकता पहिचान गरी समाधान तथा पूर्ति गर्न सकिने भएकाले निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता महसुस भई कार्यान्वयनमा ल्याइएको हो ।

विद्यार्थीको सिकाइ-उपलब्धिको मापन गर्न निर्णयात्मक र निर्माणात्मक गरी मूल्याङ्कनका दुई तरिका अपनाइने गरिन्छ । निर्णयात्मक मूल्याङ्कन नेपालमा प्रचलित पुरानो पद्धति हो । यसमा विभिन्न परीक्षाको माध्यमबाट विद्यार्थीलाई पास फेल निर्धारण गरिन्छ । निश्चित उत्तीर्णाङ्कलाई सफलताको आधार तोकिएको हुन्छ तर निर्माणात्मक मूल्याङ्कनमा आधारित निरन्तर विद्यार्थी मूल्याङ्कनमा विद्यार्थीकेन्द्रित भएर उत्साह प्रदान गर्ने तथा मध्यम र न्यून स्तर भएकालाई थप मद्दत प्रदान गर्ने गरिन्छ । यसअन्तर्गत आवधिक लिखित परीक्षा, गृहकार्य, कक्षाकार्य, उमेर, उपस्थिति, अनुशासन, प्रयोगात्मक कार्य आदि क्षेत्रको नियमित मूल्याङ्कन गरी कार्य सञ्चयिका फाइलमा विद्यार्थी प्रगति-विवरण फारममा उत्तम, मध्यम र सामान्य श्रेणी विभाजन गरिन्छ । क, ख र ग वा १, २, ३ पर्ने परिपाटी पनि छ (नमुना अनुसूची ६) वास्तवमा निरन्तर विद्यार्थी मूल्याङ्कनमा कक्षा दोहोऱ्याउन नलगाई माथिल्लो कक्षामा थप मौका र स्तर वृद्धि गर्न मौका प्रदान गरिन्छ । नि. वि. मू.ले निर्माणात्मक मूल्याङ्कनमा जोड दिई विद्यार्थीलाई कक्षा चढाउनुभन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषणका रुपमा उपयोग गरी कमजोर विद्यार्थीको उपलब्धिस्तर बढाउन मद्दत गर्दछ (अधिकारी, २०६५) ।

नेपालमा गुणात्मक शिक्षाको विकास गर्न विभिन्न प्रयास भए पनि प्राथमिक शिक्षाले फड्को मार्न सकेको छैन । विद्यालय उमेरका सबै बालबालिका भर्ना भएका छैनन् । भर्ना भएकामध्ये पनि कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने, कक्षोन्नति दर कम भएको वास्तविकता यथार्थ हो । यसको प्रमुख समस्या आवधिक लिखित परीक्षामा आधारित मूल्याङ्कन प्रणाली नै हो । यसै कुरालाई महसुस गरी नेपाल सरकारले नवौं योजना कालबाट परीक्षणको रूपमा (२०५७/०५८) केही जिल्लामा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिसकेको छ । यसमा विद्यार्थीको नियमित मूल्याङ्कन गर्ने, बालकेन्द्रित अध्ययन, विद्यालय आउने वातावरण सृजना गर्ने, चलाखलाई प्रोत्साहन र कमजोरलाई विशेष मद्दत गरी उदार कक्षोन्नतिका आधारमा कक्षा चढाई शैक्षिक क्षति कम गर्ने उद्देश्य लिइएको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने विश्वभर समान सुविधा र स्वतन्त्रताको आवाज उठिरहेको कुरा व्यवहारमा कतै देखापरेको छैन । प्रत्यक्ष रूपमा सहुलियत दिएजस्तो गरेर अप्रत्यक्ष रूपमा समस्या खडा गरिने हुँदा देशले शिक्षाविकासका लागि जतिसुकै राम्रा कार्यक्रम र

नारा ल्याए तापनि गुणस्तर माथि उठ्न सकेन । यस्तो अवस्थाबाट माथि उठ्न विविध परिस्थितिको मूल्याङ्कन गर्दै २०६३ साल देखि नेपालका सामुदायिक विद्यालयका प्राथमिक तहमा निरन्तर विद्‍यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन गरी उदार कक्षोन्नति कार्यान्वयनमा ल्याईएको अवस्थामा उदारवादलाई  अध्ययनको सैद्धान्तिक आधार मानिएको छ ।

मास्लो ( १९४३) - का अनुसार मानवीय आवश्यकताहरु विभिन्न प्रकारका हुन्छन् । मानिसका आफ्ना आवश्यकता पूरा गर्न प्रयत्नशील रहन्छ जव उसको एक तहका आवश्यकता पूरा हुन्छ, उ निकै उत्प्रेरित भएर अर्को आवश्यकता पूरा गर्न तल्लिन हुन्छ अर्थात उसमा एक आवश्यकता पूरा हुने वित्तिकै अर्को आवश्यकता पूरा गर्न उसमा उत्प्रेरणा जाग्छ मानिसको आधारभूत तहको आवश्यकता पूरा गरेर मात्र अर्को माथिल्लो तहको आवश्यकता पूरा गर्न चाहान्छ । यो आवश्यकताको शृंखलाको सिद्धान्त हो । यसको मूख्य भाव भनेको आफ्नो आवश्यकता परिपूर्ति भए पछि उसलाई सन्तुष्टि प्राप्त हुन्छ र उसमा उत्प्रेरणा जागेर आउँछ । मानिसका आवश्यकता अनन्त हुन्छन् एक आवश्यकताको परिपूर्ति हुने वित्तिकै अर्को आवश्यकताको जन्म हुन्छ र त्यस आवश्यकताहरुलाई पनि पूरा गर्न उत्प्रेरणा जाग्छ । यसरी व्यक्तिका आवश्यकताहरु एक पछि अर्को हुदै वढ्दै जान्छन् । आवश्यकताहरु शृंखलावद्ध रुपमा वृद्धि हुदै जान्छन् । मास्लोको धारणा अनुसार हरेक व्यक्तिका आवश्यकतालाई ५ भागमा विभाजन गर्न सकिन्छ :

(क) शारीरिक आवश्यकता

(ख) सुरक्षा आवश्यकता

(ग) सामाजिक आवश्यकता

(घ) सम्मानपूर्ण आवश्यकता

(ङ) आत्म यथार्थीकरणको आवश्यकता

शिक्षा निरन्तर चलिरहने प्रक्रिया भएकोले व्यक्तिमा पनि अनन्त शैक्षिक आवश्यकता हुन्छन् । व्यक्तिको एउटा शैक्षिक आवश्यकता पूरा हुने वित्तिकै अर्को आवश्यकताको जन्म भै सो पनि प्राप्ती भएपछि विद्‍यार्थीमा उत्प्रेरणा जागेर शैक्षिक प्रगति हुनजान्छ । निरन्तर विद्‍यार्थी मूल्याङ्कनबाट विद्‍यार्थीको समग्र पक्षको मूल्याङ्कन हुने हुँदा उसले प्राय असफलता

व्यहोर्नु र कक्षा दोहोऱ्याउनु पर्दैन जसबाट विद्यार्थीमा अन्य शैक्षिक आवश्यकता पूरा गर्दै जान हौसला र उत्प्रेरणा पैदा भइ आवश्यकता पूरा हुदै जान्छन् । यसरी विद्यार्थीमा एउटा आवश्यकताको जन्म भइ पूरा भएपछि तथा अन्य शैक्षिक आवश्यकताहरु पनि पूरा गराउन निरन्तर विद्यार्थी मूल्याङ्कनले निरन्तर सहयोग पुऱ्याउने भएकोले मास्लोको यस सिद्धान्तलाई यस अध्ययनको प्रमुख आधार मानिएको छ ।

## २.३ अनुसन्धानमा पुनरावलोकनको उपादेयता

विभिन्न शोधपत्र, लेख, रचना, पुस्तक तथा यस संग संवन्धित साहित्यहरुको अध्ययन र विश्लेषण गर्दा सवैबाट यस शोधकर्तालाई मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्वन्धी विभिन्न विद्धानका विचार, धारणा , चिन्तनहरु नजिकवाट अध्ययन अवलोकन गर्ने अवसर प्राप्त भएको छ । यसवाट यस विषयमा अध्ययन गर्नका लागि विषयवस्तुको गहिराइ सम्म पुग्न मद्दत पुगेको छ । यी सामग्रीहरुको अध्ययनवाट शोधकार्य गर्न मार्गनिर्देश प्राप्त भएकोले अनुसन्धान विश्वसनीय, यथार्थ र प्रभावकारी हुनमा मद्दत पुगेको छ । २०५६ सालमा परीक्षणका रुपमा सञ्चालन गरिएको नि.वि.मू. प्रणालीलाई प्रा.शि. पाठ्यक्रम २०६२ तथा अधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार २०६३ सालदेखि क्रमिक रुपमा कक्षा ५ एवम् कक्षा ७ सम्म सञ्चालन गरीएको यो प्रणाली जुन रुपमा कार्यान्वयन हुनु पर्ने हो, त्यो पूर्ण रुपमा नभएको अवस्थामा यस अध्ययनवाट विद्यार्थी मूल्याङ्कनमा सुधार गर्न, सि.उ. वृद्धि गर्न विद्यार्थीहरुको अनुपस्थित, कक्षा छाड्ने, दोहोऱ्याउने दरमा कमी गर्न तथा विद्यार्थीहरुको यथार्थ मूल्याङ्कन भइ सिकाइ स्तरमा वृद्धि गर्ने समेत यसले सहयोग पुऱ्याउने छ । नि.वि.मू. सँग सम्वन्धित समस्या तथा समाधानका उपायहरु एवं सुझावहरु समेत प्रस्तुत गर्ने भएकोले नि.वि.मू. पूर्ण रुपमा कार्यान्वयन गर्न यथार्थ मूल्याङ्कन गर्न विद्यालयहरुमा सहयोग पुऱ्याउने छ । यसवाट अनुसन्धान कर्तालाई विविध रुपवाट सहयोगका साथै निष्कर्षवाट प्रयोग क्षेत्रमा समेत सहयोग पुग्ने भएकोले पुनरावलोकीत सामग्रीहरुको अनुसन्धानमा गहन रुपवाट नै प्रयोग भएको प्रष्ट छ ।

# परिच्छेद तीन :
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानको प्रकृतिका आधारमा यसको प्रचलित ढाँचा परिमाणात्मक, गुणात्मक र मिश्रित रहेको छ । यो अनुसन्धान र यसबाट प्राप्त निष्कर्ष प्रायः जसो गुणात्मक अनुसन्धानको प्रकृतिसँग मिल्दो भएको कारण मेरो अनुसन्धान गुणात्मक ढाँचामा आधारित रहेको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

### (क) जनसङ्ख्या

यस अध्ययनमा सङ्खुवा-सभा जिल्ला, ताम्कु स्रोतकेन्द्र भित्र रहेका २५ वटा सामुदायिक विद्यालयका सम्पूर्ण सरोकारवालाहरु प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष,अभिभावक र स्रोतव्यक्ति जनसंख्या भित्र रहेका छन् ।

### (ख) नमूना

प्रस्तुत अध्ययनको नमुना छनोट गर्दा निम्न अनुसारको प्रक्रिया अपनाइएकोछ :

क. ताम्कू स्रोतकेन्द्रका २५ वटा विद्यालय मध्ये गा.वि.स. तथा तहगत रुपमा विद्यालय छनोट गरिएको छ । यस स्रोतकेन्द्रमा रहेका एउटा मात्र उ.मा.वि. उद्देश्यपूर्ण नमूना छनोटवाट छनोट गरिएको छ ।

मा.वि. तहका ३ वटा विद्यालय मध्ये प्रशासनिक कुशलता भएको १ वटा विद्यालय,
नि.मा. तहका ५ वटा विद्यालय मध्ये गोला प्रथावाट १ वटा विद्यालय,
प्रा.तह कक्षा १ - ५ का ९ वटा विद्यालय मध्ये गोला प्रथावाट १ विद्यालय,
कक्षा १-३ संचालित विद्यालय मध्ये १ विद्यालय गोलाप्रथा वाट छनोट गरीएको छ ।

ख. वि.व्य.स. अध्यक्ष - नमूना छनौटमा परेका ५ वटा विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु उद्देश्यमूलक नमूना छनौट विधि मार्फत छनौट गरिएको छ ।

ग. प्रधानाध्यापक - नमूना छनौटमा परेका प्रत्येक ५ वटा विद्यालयका प्र.अ.हरु ५ जना उद्देश्यमूलक नमूना छनौट विधि मार्फत छनौट गरिएको छ ।

घ. शिक्षक -नमूना छनोटमा परेका विद्यालयमा प्रा.तहमा अध्यापन गर्ने शिक्षकहरु मध्येवाट गोलाप्रथावाट २/२ जना गरी १० जना शिक्षक छनोट गरिएको छ ।

ङ. विद्यार्थी -नमूना छनोटमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थी मध्येवाट १ जना छात्रा र १ जना छात्र पर्ने गरी १० जना विद्यार्थी गोलाप्रथाद्धारा छनोट गरिएको छ

तालिका न. १

अध्ययनमा संलग्न नमूना जनसंख्या

| क.सं. | विवरण | कुल जनसंख्या | नमुना छनोट |
|---|---|---|---|
| १ | विद्यालय | २५ | ५ |
| २ | प्र.अ. | २५ | ५ |
| ३ | शिक्षक | ८९ | १० |
| ४ | विद्यार्थी | २१३५ | १० |
| ५ | वि.ब्य.स. अध्यक्ष | २५ | ५ |
| ६ | स्रोतब्यक्ति ताम्कू स्रोतकेन्द्र | १ | १ |
| ७ | अभिभावक | – | १० |
| | जम्मा | २३०० | ४६ |

स्रोतः शोध सर्वे २०७१

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरु

प्रस्तुत विषयमा अध्ययन गर्नका लागि विश्वसनीय सूचना र तथ्याङ्कहरु प्राप्त गर्न निम्नानुसारका अध्ययनका साधनहरु प्रयोग गरीएको छ :

(क) विद्यालय सर्वेक्षण फारम

नमूना छनौटमा परेका विद्यालयमा हाल प्रयोग भइरहेको मूल्यांकन र निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली विभिन्न प्रक्रिया र प्रणालीका वारेमा विश्वसनीय सूचना प्राप्त गर्न विद्यालय सर्वेक्षण फारम विकास गरी प्रयोग गरीएको छ ।

(ख) प्रश्नावली

नमूना छनौटमा परेका विद्यालयमा कार्यरत प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, विद्यार्थी तथा स्रोतव्यक्ति, वि.नि. वाट प्रयोग भइ रहेको मूल्याङ्कन प्रणाली तथा निरन्तर मूल्याङ्कन प्रणाली सम्वन्धी विभिन्न व्यवस्था र प्रक्रियाका वारेमा वास्तविक सूचनाहरु प्राप्त गर्न प्रश्नावली विकास गरी प्रयोग गरीएको छ ।

(ग) छलफल सूची

विद्यालयमा प्रयोग ल्याइएको मूल्यांकन प्रक्रिया तथा निरन्तर विद्यार्थी मूल्यांकन प्रक्रियाका वारेमा यथार्थ सूचनाहरु प्राप्त गर्न प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स.अध्यक्ष सँग समूह छलफल गर्न छलफलको सूची विकास गरी सो को प्रयोग गरिएको छ ।

(घ) अन्तरवार्ता सूची

नमूना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष वाट विद्यालयमा प्रयोग भइरहेको मूल्यांकन प्रक्रिया र निरन्तर मूल्यांकन प्रणालीको प्रक्रियाका वारेमा यथार्थ सूचना प्राप्त गर्ने उद्देश्यले प्रश्नावली विकास गरी प्रयोग गरिएकोछ ।

## ३.४ तथ्याङ्कहरुको स्रोत

यो अध्ययनका लागि प्रचलित २ वटा स्रोतहरु प्राथमिक र सहायक दुवै खालका स्रोतहरुको उपयोग गरिएको छ । जस अन्तरगत :

(क) प्राथमिक स्रोत- प्राथमिक स्रोत के हो ? के के छन् ?

(i) विद्यालयका तथ्याङ्कहरु

(ii) अवलोकन

(iii)प्रश्नावली

(ख) सहायक  स्रोत- के हो ? यस अर्न्तगत

(i) शोधपत्रहरु

(ii) जर्नलहरु

(iii) विविध सूचनाहरु

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

गुणात्मक अनुसन्धानको मर्म अनुसार यस अध्ययन/अनुसन्धानका लागि आवश्यक तथ्याङ्क अनुसन्धानकर्ता स्वयंले सङ्कलन गरिएको थियो ।

प्रश्नावली अनुसन्धानकर्ताको उपस्थितिमा उत्तरदाता आफैंले भर्नुभएको थियो । अन्तरवार्ता असंरचित प्रश्नावलीको आधारमा अध्येता स्वयंले उत्तरदाताको उत्तरलाई अभिलेखीकरण गरीएको थियो । विद्यालयको अभिलेखको अध्ययनको क्रममा वि.व्य.स. को वैठकका मुख्य निर्णयहरु , वार्षिक योजना, विद्यालय सुधार योजना, परीक्षा नतिजा फारम, नि.वि.मू फारम तथा फ्ल्यास रिर्पोटका अनुसन्धानसंग सम्बन्धित पक्षहरुको टिपोट गरिएको थियो । विद्यालय अवलोकन गर्दा देखिए / भेटिएका मुख्य मुख्य गतिविधि तथा अवस्थाहरुको पनि टिपोट गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनका क्रममा यस विषयसँग सम्बन्धीत तथ्याङ्क सङ्कलन गर्दा प्राप्त भएका परिमाणात्मक र गुणात्मक तथ्याङ्क प्रयोगमा ल्याइएकोछ । परिमाणात्मक तथ्याङ्कबाट कोरा सङ्ख्यात्मक विवरण प्राप्त भयो । गुणात्मक तथ्याङ्कबाट त्यसको स्वरुप, गुण, अवस्था प्राप्त भइ त्यसलाई स्तरीकरण गरियो । तथ्याङ्क सङ्कलन गरेर ल्याइएका प्रश्नावली, प्राप्त सुचना र तथ्याङ्कलाई विश्लेषण गरी तुलनात्मक अध्ययन गरियो । तथ्याङ्क विश्लेषण गरिसके पछि त्यसको प्रकृति तथा स्वरुप अनुसार तालिकीकरण, वृत्त

चित्र वनाइ  विश्लेषण गरिएको छ । यो अध्ययन व्याख्यात्मक र विश्लेषणात्मक हुने हुंदा शाब्दिक व्याख्यालाई विशेष ध्यान दिइएको छ ।

# परिच्छेद चार :

# नतिजा विश्लेषण

यस अध्ययनले निर्धारण गरेका उद्देश्य परिपूर्ति गर्नका लागि विभिन्न साधनहरुको प्रयोग गरी प्राप्त भएका तथ्य तथ्याङ्कहरु लाई विभिन्न उपशीर्षकमा विभाजन गरी व्याख्या, विश्लेषण, अनुसन्धान तथा प्रस्तुतीकरण गरिएको छ । यो शोधकार्य सम्पन्न गर्ने क्रममा उपलब्ध भएका विभिन्न तथ्याङ्कहरुको तालिकीकरण गर्नुका साथै वर्णनात्मक ढाँचाको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । यस अनुसन्धानमा विभिन्न क्षेत्रवाट प्राप्त भएका प्राथमिक र सहायक तथ्याङ्कहरुलाई तालिका, वृत्तचित्रमा प्रस्तुतीकरण गर्नुका साथै अन्य सैद्धान्तिक अवधारणालाई वर्णनात्मक विधिद्धारा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारीता, बर्तमान अवस्था, नि.वि.मू.. मा आइपरेका कठिनाइ, समस्या, त्यसमा सुधारात्मक पक्षका वारेमा जानकारी गराउने तथा अध्ययन गर्ने प्रयास गरिएको छ । यस परिच्छेदमा समेट्न नसकिएका तथ्यहरुलाई परिच्छेद ५ मा पनि समेट्ने प्रयास गरिएको छ ।

## ४.१ निरन्तर विद्यार्थी मूल्याङ्कनको वर्तमान अवस्था

निरन्तर विद्यार्थी मूल्याङ्कनको यो प्रणाली विद्यालयमा हाल प्रयोगको कस्तो अवस्था छ भनेर अवलोकन, शिक्षक तथा प्र.अ.सँग अन्तरक्रिया तथा धारणा वुभ्ने प्रयास गरिएको थियो जसको नतिजा यस्तो भेटियोः

तालिका २


नि.वि.मू. को प्रयोगको वर्तमान अवस्था

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण रुपमा प्रयोग गरीएको छ । | ७ | ४७ |
| २ | आँशिक  रुपमा प्रयोग गरीएको छ । | ६ | ४० |
| ३ | थाल्ने काम मात्र भएको छ । | २ | १३ |
| ४ | थालेकै छैन । | ० | ० |

| | | | |
|---|---|---|---|
| | जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र १




१. पूर्ण रुपमा प्रयोग गरीएको छ
२.आँशिक रुपमा प्रयोग गरीएको छ
३.थाल्ने काम मात्र भएको छ ।
४.थालेकै छैन ।

छनोट भएका विद्यालयका प्र.अ. तथा शिक्षक संग नि.वि.मू. को वर्तमान प्रयोगको अवस्था कस्तो छ भनि मूल्यांकन प्रक्रियाको अवलोकन मूल्याङ्कनका साधनहरुको अवलोकन तथा छलफल र धारणा वुभ्दा पूर्ण रुपमा प्रयोग गरीएको भन्ने धारणा र मूल्याङ्कनका र साधनहरुवाट प्राप्त भएकोले यस विधिको कार्यान्वयन आधा भन्दा वढी विद्यालयमा भएको पाइयो । यस्तै गरी आंशिक रुपमा प्रयोग भएको अवस्था पनि भेटियो । यस्तै प्रकारले थोरै मात्र विद्यालयले थाल्ने काम मात्र गरेको भनिएता पनि त्यसलाई पनि सकारात्मक नै मान्नु पर्ने हुन्छ । खुसीको कुरा के हो भने काम गर्दै नगर्ने कुनै पनि विद्यालय नरहेको हुंदा सवै विद्यालयहरुमा केही न केही रुपमा यस प्रणालीलाई अवलम्वन गरेकै पाइयो ।

## ४.२ निरन्तर विद्यार्थी मुल्याङ्कन प्रभावकारीताको वर्तमान स्थिति


निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली विद्यालयमा हाल प्रयोग भइ रहेको अवस्थामा यो कतिको प्रभावकारी छ भनेर स्रोतव्यक्ति , शिक्षक तथा प्र.अ.संग अन्तरक्रिया तथा धारणा वुभ्ने प्रयास गरिएको थियो जसको नतिजा यस्तो भेटियो:

तालिका नं. ३

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रभावकारी छ । | १० | ६२ |
| २ | प्रभावकारी छैन । | ३ | १९ |
| ३ | पहिलेको जस्तै छ । | ३ | १९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र नं. २




१ प्रभावकारी छ ।
२ प्रभावकारी छैन ।
३ पहिलेको जस्तै छ ।

निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारीताका शिक्षक , प्र.अ. तथा स्रोतव्यक्तिसँग छलफल तथा अन्तरक्रिया गर्दा यो प्रभावकारी छ भन्ने पक्षमा ६२% मत प्राप्त भयो । यस्तै प्रभावकारी छैन भन्ने पक्षमा १९% मत प्राप्त भयो भने पहिलेको जस्तै छ भन्ने पक्षमा १९% मत प्राप्त भयो । अधिकाँश मत प्रभावकारी छ भन्ने पक्षमा भएकोले यो प्रभावकारी भएको छ भन्न सकिन्छ । यसवाट के प्रष्ट हुन्छ भने शिक्षक तथा प्र.अ.हरुले निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन राम्रै गर्नु भएको छ । प्रभावकारी छैन र पहिलेको जस्तै छ भन्ने पक्षलाई पनि समेटेर लैजानु पर्ने देखिन्छ ।

## ४.३ निरन्तर विद्यार्थी मुल्याङ्कनमा प्रयोग गरिएका फारमहरुको व्यवस्थापन

विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रयोग गरिने फारम , कार्य सञ्चयिका र प्रगति प्रतिवेदन तथा विषयगत र पाठगत मूल्याङ्कन फारमहरुको व्यवस्थापन सम्वन्धमा शिक्षक तथा प्र.अ. संग छलफल, अन्तरवार्ता तथा अवलोकन गरिदा यस प्रकार पाइयो:


तालिका ४

नि.वि.मू. फारमको व्यवस्थापन

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दराजमा व्यवस्थापन गरिएको छ | ९ | ६० |
| २ | ऱ्याकमा व्यवस्थापन गरिएको छ | ४ | २७ |
| ३ | कक्षागत रुपमा घर्रामा राखीएको छ | २ | १३ |
| | जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र ३




१ दराजमा व्यवस्थापन गरिएको छ

२ ऱ्याकमा व्यवस्थापन गरिएको छ

३ कक्षागत रुपमा घर्रामा राखीएको छ

प्र.अ. तथा शिक्षकहरुसंग नि.वि.मू. का आवश्यक साधनहरु कार्यसञ्चयिका तथा प्रगति प्रतिवेदनको व्यवस्थापनका सम्वन्धमा अन्तरवार्ता तथा छलफल गर्दा अधिकाँश शिक्षकहरुले दराजमा व्यवस्थापन गरीएको धारणा व्यक्त गर्नु भयो । केही विद्यालयहरुले ऱ्याकमा व्यवस्थापन गर्नु भएको रहेछ भने केही विद्यालयले कक्षागत टेवुल सिर्जना गरी घर्रामा

व्यवस्थापन गरेको धारणा व्यक्त गर्नु भएको पाइयो । यसरी यसको व्यवस्थापनलाई नियाल्दा सन्तोषजनक रुपले नि.वि.मू. साधनहरुलाई व्यवस्थापन गरेको पाइयो ।

## ४.४ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुभव

छनोट गरिएका विद्यालयका प्र.अ.तथा शिक्षकहरुसंग नि.वि.मू.को कार्यान्वयनका बारेमा छलफल तथा अन्तरक्रिया गर्दा यस्तो धारणा प्राप्त भयो:


तालिका ५

नि.वि.मू.को कार्यान्वयनको अनुभव

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खर्चिलो तथा बोझिलो लाग्यो । | ३ | २० |
| २ | समयले पुगेन । | ३ | २० |
| ३ | भर्ने तरिका नै पुगेन । | २ | १४ |
| ४ | अझै तालिम चाहिने भयो । | ५ | ३३ |
| ५ | ठीकै छ सिक्दै जानु पर्छ । | २ | १३ |
| | जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र ४




१ खर्चिलो तथा बोझिलो लाग्यो ।

२ समयले पुगेन ।

३ भर्ने तरिका नै पुगेन ।

४ अझै तालिम चाहिने भयो ।

५ ठीकै छ सिक्दै जानु पर्छ ।

प्र.अ. तथा शिक्षकहरुसंग नि.वि.मू.को कार्यान्वयनको अनुभवका सम्बन्धमा छलफल, अन्तरक्रिया तथा प्रयोगको अवस्था अवलोकन गर्दा वहुमत प्र.अ. तथा शिक्षकहरुले यस सम्बन्धि सबै कुरा प्रष्ट नभएर तालिमको अपेक्षा राख्नु भएको छ । यस्तै यो प्रणाली खर्चिलो र बोझिलो छ भन्ने सङ्ख्या पनि रह्यो । समय नपुगेको धारणा प्र.अ. तथा शिक्षकहरुले राख्नु भएको छ भने केही प्र.अ.तथा शिक्षकहरुले ठीकै छ सिक्दै जानु पर्छ भन्ने धारणा राख्नुभयो । यी धारणाहरुबाट के कुरा प्रष्ट हुन्छ भने अझै प्र.अ. तथा शिक्षकहरु यस मूल्याङ्कनका बारेमा प्रष्ट भइ नसकेको अवस्था देखिएकोले नि.वि.मू.को अझै तालिम प्रदान गर्नु पर्छ ।

## ४.५ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरीवेक्षण

प्रयोगको समयमा आएका समस्या समाधान गर्न माथिल्लो तहबाट के कति भुमिका निर्वाह गरियो, कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षण के कति मात्रामा भयो भन्ने विषयमा प्र.अ.तथा शिक्षकहरुको धारणा बुझ्दा यस्तो पाइयो :


तालिका ६

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरीवेक्षण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित रुपमा भएको छ । | ६ | ४० |
| २ | कहिले काहीँ मात्र भएको छ । | २ | १३ |
| ३ | अनुगनका क्रममा पृष्ठपोषण पनि पाइन्छ । | ५ | ३३ |
| ४ | अनुगमन मात्र गरिन्छ । | २ | १४ |
| ५ | अनुगमन नै हुदैन । | ० | ० |
| | जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र ५




१ नियमित रुपमा भएको छ ।
२ कहिले काहीँ मात्र भएको छ ।
३ अनुगनका क्रममा पृष्ठपोषण पनि पाइन्छ ।
४ अनुगमन मात्र गरिन्छ ।
५ अनुगमन नै हुदैन ।

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरीवेक्षणका सम्बन्धमा प्र.अ. तथा शिक्षकहरुसँग बसेर अन्तरक्रिया तथा छलफल गर्दा अधिकाँश प्र.अ.तथा शिक्षकहरुले सम्बन्धित निकाय / स्रोतकेन्द्रबाट नियमित रुपमा अनुगमन गरेको मत अभिव्यक्त गर्नु भएको पाइयो । यस्तै समस्या समाधानका लागि पृष्ठपोषण प्रदान गरिएको भन्ने मत पनि प्राप्त भएको छ । यस प्रकार निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरीवेक्षण भइ रहेको र कार्यान्वयन तहमा सहयोग पुगी रहेको कुरा पुष्टि हुन जान्छ ।

## ४.६ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरीवेक्षणबाट प्राप्त नतिजा

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली विद्यार्थी मूल्याङ्कनको नौलो अवधारणा र प्रयोग हो । बिगत ८ बर्षबाट शुरु गरिएको यो मूल्याङ्कन अवधारणा र प्रयोग एकै पटक गर्नुपर्दा जे जति जुन रुपमा जसरी गर्नुपर्ने हो,त्यो रुपमा त्यसरी भएको पाइएन । ५ वटा विद्यालयमा गएर प्रयोगको अवस्था अवलोकन गर्दा तथा यससँग सम्बधित क्रियाकलापहरु अध्ययन गर्दा सन्तोषजनक नै पाइयो । विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका सम्बन्धमा अनुगमन गर्दा यस्तो नतिजा प्राप्त भयो :

तालिका ७


निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरीवेक्षणबाट प्राप्त नतिजा

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निर्धारित फारमहरु पूर्ण रुपमा राखिएको र नि.वि.मू.का आधारमा मूल्याङ्कन गरिएको । | २ | ४० |
| २ | आँशिक रुपमा राखिएको र आँशिक रुपमा नि.वि.मू.का आधारमा मूल्याङ्कन गरिएको । | ३ | ६० |
| ३ | नि.वि.मू.का आधारमा मात्र मूल्याङ्कन गरीएको । | ० | ० |
| ४ | निर्धारित फारमहरु प्रयोग नै नगरिएको । | ० | ० |
| | जम्मा | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरीवेक्षणबाट प्राप्त नतिजा

चित्र ६




१. निर्धारित फारमहरु पूर्ण रुपमा राखिएको र नि.वि.मू.का आधारमा मूल्याङ्कन गरिएको ।
२.आँशिक रुपमा राखिएको र आँशिक रुपमा नि.वि.मू.का आधारमा मात्र मूल्याङ्कन गरिएको ।
३.नि.वि.मू.का आधारमा मूल्याङ्कन गरिएको ।
४.निर्धारित फारमहरु प्रयोग नै नगरिएको ।

छनोट गरिएका विद्यालयमा नि.वि.मू. को वास्तविक अवस्था थाहा पाउनका लागि प्रयोग भइरहेको मूल्याङ्कन प्रणाली अवलोकन तथा निरीक्षण गर्दा २ वटा विद्यालयमा पूर्ण रुपमा

नि.वि.मू. का निर्धारित फर्महरु खडा गरेर सो अनुसार मूल्याङ्कन भएको र ४ वटा विद्यालयमा आंशिक रुपमा फर्म खडा गरिएको र विद्यार्थी मूल्याङ्कन गर्दा नि.वि.मू.लाई मात्र आधार नमानी परीक्षा प्रणालीलाई पनि आधार मानेको भेटियो ।

## ४.७ उदार कक्षोन्नतिको व्यवस्था

उदार कक्षोन्नतिको व्यवस्थाका सम्वन्धमा प्र.अ., शिक्षक तथा वि.व्य.स. अध्यक्ष संग छलफल, अन्तरक्रिया तथा अन्तरवार्ता गरिएको थियो । यसलाई सम्वन्धित पक्षले यसरी हेरेको पाइयो :


तालिका ८

उदार कक्षोन्नतिको व्यवस्था

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उपयुक्त छ । | १२ | ६० |
| २ | उपयुक्त छैन । | ६ | ३० |
| ३ | जे गरेपनि हुन्छ । | २ | १० |
| ४ | जम्मा | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र ७




१.उपयुक्त छ ।

२.उपयुक्त छैन ।

३.जे गरेपनि हुन्छ ।

प्र.अ., शिक्षक तथा वि.व्य.स. अध्यक्षहरुको धारणा अनुसार नि.वि.मू. अहिलेको अवस्थामा ठीक छ भन्नेको धारणा प्रवल देखिनुले यसको उद्देश्यलाई बल पुगेको देखिन्छ। यस प्रणाली अनुसार कुनै विद्यार्थी असफल नहुने व्यवस्था भए वमोजिम यसको वि.व्य.स. अध्यक्षहरुलाई सकारात्मक छाप परेको पाइन्छ। यसको साथै जो परम्परावादी मूल्याङ्कन प्रक्रिया अपनाउदै आएका हुन् उनीहरुले भने यो प्रणाली उपयुक्त छैन भनेका छन् जे होस उदार कक्षोन्नतिको व्यवस्था समग्रमा भन्दा उपयुक्त देखिन्छ।

## ४.८ नि.वि.मू.को प्रभावकारी कार्यान्वयनमा गर्नुपर्ने कार्यहरु

मूल्याङ्कनको नयाँ अवधारणा अनुसार विद्यार्थीहरुको मूल्याङ्कन निरन्तर रुपमा गर्नु पर्छ। त्यसका लागि विशेष गरी प्र.अ. तथा शिक्षकहरुले आफ्नो भूमिका निर्वाह गर्नु पर्छ। नि.वि.मू. को प्रभावकारी कार्यन्वयन भएमा विद्यार्थीहरुको वास्तविक मूल्याङ्कन हुन सक्छ। प्र.अ. तथा शिक्षकहरुले यो प्रणाली कार्यान्वियन गर्न के कस्ता कार्यहरु गर्नु पर्छ भन्ने सम्वन्धमा प्र.अ., शिक्षक, वि.व्य.स. तथा विद्यार्थीहरुको यस्तो धारणा पाइयो -


तालिका ९

नि.वि.मू को प्रभावकारी कार्यान्वयनमा गर्नुपर्ने कार्यहरु

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षकले नयाँ अवधारणाको आत्मसात गर्नुपर्छ। | १६ | ४० |
| २ | सबैले आ आफनो कर्तव्य तथा दायित्व पूरा गर्नुपर्छ। | १२ | ३० |
| ३ | अभिभावकलाई सचेत बनाउनुपर्छ। | २ | ५ |
| ४ | तालिम प्राप्त शिक्षक नियुक्ति गर्नुपर्छ। | ६ | १५ |
| ५ | वि.व्य.स.ले मूल्याङ्कन प्रति चासो राख्नुपर्छ। | २ | ५ |
| ६ | शिक्षकलाई नै जिम्मा दिनुपर्छ। | २ | ५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र ८




१.शिक्षकले नयाँ अवधारणाको आत्मसात गर्नुपर्छ ।
२.सबैले आ आफनो कर्तब्य तथा दायित्व पूरा गर्नुपर्छ ।
३.अभिभावकलाई सचेत बनाउनुपर्छ ।
४.तालिम प्राप्त शिक्षक नियुक्ति गर्नुपर्छ ।
५.वि.व्य.स.ले मूल्याङ्कन प्रति चासो राख्नुपर्छ
६.शिक्षकलाई नै जिम्मा दिनुपर्छ ।

नि.वि.मू. को प्रभावकारी कार्यान्वयन गर्नका लागि के कस्ता कार्यहरु गर्नु पर्छ भन्ने सम्वन्धमा प्र.अ., शिक्षक, वि.व्य.स. तथा विद्यार्थीहरुको धारणा वुभ्दा विभिन्न प्रतिक्रियाहरु प्राप्त भएका छन् । सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नु पर्छ भन्ने विकल्पमा  धेरै मत रहेको पाइयो यस्तै तालिम प्राप्त शिक्षक नियुक्ति गर्नु पर्छ र वि.व्य.स. ले पनि विद्यार्थी मूल्याङ्कन प्रति चासो राख्नु पर्छ भन्ने मतहरु आएका छन् । यसरी वि.नि.मू. को प्रभावकारी कार्यान्वयनका लागि सवैले आ-आफ्नो भूमिका कर्तव्य तथा दायित्व निर्वाह गर्नु पर्छ भन्ने अधिक मत हुनु यसको सकारात्मक पक्ष हो । अभिभावकलाई सचेत वनाउनुपर्छ भन्ने र शिक्षकहरुलाई नै जिम्मा दिनु पर्छ भन्ने मत पनि प्राप्त भएका छन् ।

## ४.९ निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी वनाउने तरिका

नि.वि.मू मूल्याङ्कनको नयाँ प्रयोग हो । विद्यार्थीहरुको निर्धारित मापदण्डका आधारमा औपचारिक / अनौपचारिक रुपमा मूल्याङ्कन गरि रहनु पर्छ जसवाट विद्यार्थीको वास्तविक मूल्याङ्कन हुन सक्छ भन्ने मान्यता अनुसार यसको अवधारणा र प्रयोग भएको पाइन्छ । नि.वि.मू. प्रणाली अनुसार विद्यार्थीहरुले असफलता प्रायः व्यहोर्नु पर्दैन । उदार कक्षोन्नति यस प्रणालीको एउटा प्रमुख पक्ष भएकोले, असफल भएर वीचैमा पढाइ छाड्ने

अवस्था पनि नआउने भएकोले पनि शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि यो प्रमुख सहयोगी हुन्छ ।

नि.वि.मू. प्रणालीलाई सफल वनाउने सम्वन्धमा प्र.अ. तथा शिक्षकहरु संग छलफल गर्दा निम्न धारणाहरु व्यक्त भएका छन् -


तालिका १०

नि.वि.मू. लाई सफल वनाउने तरिका

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षकलाई मूल्याङ्कन सम्बन्धी अझै तालिम दिनुपर्छ । | ७ | ३५ |
| २ | अभिभावकलाई पनि जानकारी गरीनुपर्छ । | २ | १० |
| ३ | शिक्षक दरबन्दी थप गर्नुपर्छ । | ४ | २० |
| ४ | कडाइका साथ अनुगमन गर्नुपर्छ । | ५ | २५ |
| ५ | भौतिक, आर्थिक सुबिधा थप गर्नुपर्छ । | २ | १० |
| | जम्मा | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र ९




१. शिक्षकलाई मूल्याङ्कन सम्बन्धी अझै तालिम दिनुपर्छ

२. अभिभावकलाईपनि जानकारी गरिनुपर्छ ।

३. शिक्षक दरबन्दी थप गर्नुपर्छ ।

४. कडाइका साथ अनुगमन गर्नुपर्छ ।

५. भौतिक,आर्थिक सुबिधा थप गर्नुपर्छ ।

नि.वि.मू. लाई सफल वनाउने उपायका सम्वन्धमा प्र.अ. शिक्षक तथा अभिभावकहरुसंग वसेर छलफल तथा अन्तरक्रिया गर्दा शिक्षकहरुलाई मूल्याङ्कन सम्वन्धी अझै तालिम दिइनु पर्छ भन्ने धारणामा ३३ प्रतिशत मत पाइएको छ। यस्तै अभिभावकलाई सचेत वनाउनु पर्ने र भौतिक, आर्थिक सुविधा थप गर्नु पर्नेमा २१ प्रतिशत मत आएको छ भने शिक्षक दरवन्दी थप गर्नु पर्ने र नियमित अनुगमन हुनु पर्ने कुरा पनि आएका छन्। यी माथिका उपायहरु अवलम्वन गरिएको खण्डमा नि.वि.मू. सफल वनाउन सकिन्छ।

## ४.१० अपेक्षित शै. उपलब्धि प्राप्त हुन नसक्नुका कारणहरु

पाठ्यक्रमले अपेक्षा गरेको शैक्षिक उपलब्धिहरु के कारणले प्राप्त हुन सकेनन् भनी छलफल, अन्तरक्रिया तथा अवलोकन गर्दा निम्न अनुसारको नतिजा प्राप्त भयो :


तालिका १२

अपेक्षित शै. उपलब्धि प्राप्त हुन नसक्नुका कारणहरु

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परीक्षा प्रणाली कार्यान्वयन गरिनु। | १२ | ३० |
| २ | निरन्तर विद्यार्थी मूल्याङ्कन लागु नगरिनु। | १२ | ३० |
| ३ | शिक्षक दरबन्दी कम हुनु। | ६ | १५ |
| ४ | तालिम प्राप्त शिक्षकको कमी। | ४ | १० |
| ५ | शिक्षकले आफ्नो दायित्व पूरा नगर्नु। | ६ | १५ |
|  | जम्मा | ४० | १०० |

स्रोत : शोधसर्वे २०७१

चित्र १०




१. परीक्षा प्रणाली कार्यान्वयन गरिनु ।

२. निरन्तर विद्यार्थी मूल्याङ्कन लागु नगरिनु ।

३. शिक्षक दरबन्दी कम हुनु ।

४. तालिम प्राप्त शिक्षकको कमी ।

५. शिक्षकले आफ्नो दायित्व पूरा नगर्नु ।

अपेक्षित शै.उ. प्राप्त हुन नसक्नुका कारणहरुका सम्वन्धमा प्र.अ., शिक्षक, विद्यार्थी , वि.व्य.स. अध्यक्षहरु संग छलफल, प्रश्नोत्तर अन्तरवार्ताका माध्यमवाट तथ्याङ्क सङ्कलन गर्दा सवै भन्दा वढी परीक्षा प्रणाली कार्यान्वयन गरिनु भन्ने कारण प्राप्त भएको छ । त्यसै गरी नि.वि.मू. विद्यालयमा लागु नगरिनुले पनि अपेक्षित शै.उ. प्राप्त हुन सकेको देखिदैन यसैगरी शिक्षक दरवन्दी कम हुन पनि अर्को कारण देखापरेको पाइएको छ । तालिम प्राप्त शिक्षक विद्यालयमा नहुदा र शिक्षकहरुले पनि आफ्नो भूमिका निर्वाह नगरेको कारणले पनि अपेक्षित शैक्षिक उपलब्धि प्राप्त हुन नसक्ने अवस्था आएको कुरा धारणाबाट प्रष्टिएको छ ।

## ४.११ निरन्तर विद्यार्थी मूल्याङ्कन तथा परम्परागत मूल्याङ्कन बीचको फरक अनुभव

नि.वि.मू मूल्याङ्कनको नयाँ प्रयोग भएकोले यसको प्रयोगमा व्यावहारिक कठिनाइहरु शिक्षकहरुमा आइपरेको देखिन्छ । परम्परागत मूल्याङ्कन प्रणालीलाई आत्मसात गरिरहेको अवस्थामा यसको सफल प्रयोग जुन रुपमा हुनु पर्ने हो त्यो रुपमा भएको पाइएन । शिक्षकहरुले मूल्याङ्कनको नयाँ प्रविधि कार्यान्वयन पूर्ण रुपमा गरिएको पाइएन । यस सम्बन्धमा प्र.अ. तथा शिक्षकहरुसँग छलफल गर्दा निम्न धारणाहरु व्यक्त भएका छन् -


तालिका १३

नि.वि.मू. तथा परम्परागत मूल्याङ्कन बीचको फरक अनुभव

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत प्रणाली नै ठीक छ । | ३ | २० |
| २ | नि.वि.मू. प्रणाली नै ठीक छ । | ४ | २६ |
| ३ | नि.वि.मू. प्रणाली बोझिलो हुन्छ । | ३ | २० |
| ४ | नि.वि.मू. प्रणालीबाट खासै उपलब्धि देखिएन । | २ | १४ |
| ५ | नि.वि.मू. प्रणाली पूर्ण रुपमा प्रयोग गर्नुपर्छ । | २ | १४ |
| ६ | जुन मूल्याङ्कन प्रणाली अपनाए पनि हुन्छ । | १ | ६ |
| | जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र ११




१.परम्परागत प्रणाली नै ठीक छ ।

२.नि.वि.मू. प्रणाली नै ठीक छ ।

३.नि.वि.मू. प्रणाली बोझिलो हुन्छ ।

४.नि.वि.मू. प्रणालीबाट खासै उपलब्धि देखिएन ।

५.नि.वि.मू. प्रणाली पूर्ण रुपमा प्रयोग गर्नुपर्छ ।

६. जुन मूल्याङ्कन प्रणाली अपनाए पनि हुन्छ ।

नि.वि.मू. र परम्परागत परीक्षा प्रणालीका सम्बन्धमा प्र.अ. तथा शिक्षकहरुसँग बसेर छलफल तथा अन्तरक्रिया गर्दा परम्परागत परीक्षा प्रणाली नै ठीक छ भन्ने धारणामा २० प्रतिशत, नि.वि.मू. प्रणाली नै ठीक छ भन्ने धारणामा २६ प्रतिशत, नि.वि.मू. प्रणाली बोझिलो हुन्छ भन्ने धारणामा २० प्रतिशत, नि.वि.मू. प्रणालीबाट खासै उपलब्धि देखिएन भन्ने धारणामा १४ प्रतिशत, नि.वि.मू. प्रणाली पूर्ण रुपमा प्रयोग गर्नुपर्छ भन्ने धारणामा

१४ प्रतिशत,तथा जुन मूल्याङ्कन प्रणाली अपनाए पनि हुन्छ भन्ने धारणामा ६ प्रतिशत मत आएकोले यस सम्बन्धमा फरक अनुभवहरु भेटिएका छन् ।

## ४.१२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आएका समस्याहरु

नि.वि.मू. कार्यान्वयनमा थुप्रै समस्याहरु देखिएका छन् । यो प्रणाली नयाँ प्रयोग भएकोले कार्यान्वयनमा समस्या आउनु स्वभाविक पनि हो । यस सम्वन्धमा प्र.अ. तथा शिक्षकहरु वीच छलफल गर्दा देखिएका प्रमुख समस्याहरुका वारेमा यस्तो धारणा प्राप्त भयो -


तालिका नं. १४

नि.वि.मू. कार्यान्वयनमा आएका समस्याहरु

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षक दरबन्दी कम हुनु । | ४ | २६ |
| २ | शिक्षकले आफ्नो भूमिका निर्वाह नगर्नु । | ६ | ४० |
| ३ | खर्चिलो र झन्झटिलो हुनु । | ३ | २० |
| ४ | निजी स्रोतमा तालिम अप्राप्त शिक्षक नियुक्ति हुनु । | १ | ७ |
| ५ | प्रभावकारी अनुगमन नहुनु । | १ | ७ |
| | जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र नं १२




१. शिक्षक दरबन्दी कम हुनु ।

२. शिक्षकले आफ्नो भूमिका निर्वाह नगर्नु ।

३. खर्चिलो र झन्झटिलो हुनु ।

४. निजी स्रोतमा तालिम अप्राप्त शिक्षक नियुक्ति हुनु ।

५. प्रभावकारी अनुगमन नहुनु ।

नि.वि.मू. प्रणाली कार्यान्वयनमा आएका समस्याहरुका वारेमा प्र.अ. तथा शिक्षकहरु वीच छलफल गर्दा प्रमुख समस्याहरु पहिचान गर्ने क्रममा यो प्रणाली खर्चिलो तथा झञ्झटिलो हुनु भन्ने पक्षमा सवभन्दा वढी मत प्राप्त भएको छ भने विद्यालयमा शिक्षक दरवन्दी कम हुनु भन्ने पक्षमा पनि मत आएको छ। यस्तै विद्यालयमा तालिम अप्राप्त निजी शिक्षक नियुक्ति पनि समस्याको कारण औल्याइएको छ भने शिक्षकले आफ्नो भूमिका निर्वाह नगरेर तथा प्रभावकारी अनुगमनको कमीले गर्दा पनि यस मूल्याङ्कन प्रणालीमा समस्याहरु आएका धारणा व्यक्त भएका छन्।

## निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आएका समस्याहरु :

(क) विद्यालयमा शिक्षक दरवन्दी कम हुनु,

(ख) निजी स्रोतमा विद्यालयले तालिम अप्राप्त शिक्षक नियुक्ति गर्नु,

(ग) तालिम प्राप्त शिक्षकहरुको अभाव हुनु,

(घ) शिक्षकहरुलाई वढी घण्टीभार हुनु,

(ङ) समय पर्याप्त नहुनु,

(च) एउटा शिक्षकले धेरै विषय अध्यापन गर्नु,

(छ) विद्‌यार्थी हरुको कम उपस्थिति हुनु,

(ज) अभिभावकहरुले विद्यालय प्रति चासो नराख्नु,

(झ) परम्परावादी मूल्याङ्कन प्रणाली हावी हुनु,

(ञ) मूल्याङ्कनमा आएको परिवर्तन आत्मसात गर्न नसक्नु,

(ट) विद्यालयमा आर्थिक कठिनाइ हुनु,

(ठ) यो प्रणाली झञ्झटिलो र खर्चालु हुनु,

(ड) सवै शिक्षकले यो प्रणाली कार्यान्वयन गर्न नसक्नु,

(ढ) मूल्याङ्कन गर्ने साधन परीक्षा मात्र हो भन्ने ठान्नु,

(ण) शिक्षकहरुमा तत्परताको कमी हुनु,

(त) शिक्षकहरुको तलब भत्ता कम हुनु,

(थ) भौगोलिक विकटता हुनु,

(द) विद्यालयले स्रोत साधन उपलब्ध गराउन नसक्नु,

(ध) दायित्व वोधमा कमी आउनु,

(न) परम्परावादी सोच कायम रहनु ।

## ४.१३ नि.वि.मू. प्रणालीलाई प्रभावकारी वनाउने उपायहरु

यो पद्धति कार्यान्वयन गर्दा आएका समस्याहरु समाधानका सम्वन्धमा प्र.अ. तथा शिक्षकहरु संग छलफल गर्दा मुख्य समाधानका उपायहरुलाई यसरी औंल्याइएको पाइयो :


तालिका नं. १५

नि.वि.मू. कार्यान्वयनमा आएका समस्या समाधानका उपायहरु

| | | | |
|---|---|---|---|
| १ | शिक्षकलाई मूल्याङ्कन सम्बन्धी अझै अभ्यासमूलक तालिम दिनुपर्छ । | ५ | ३३ |
| ३ | शिक्षक दरबन्दी थप गर्नुपर्छ । | ५ | ३३ |
| ४ | कडाइका साथ अनुगमन गर्नुपर्छ । | ४ | २७ |
| ५ | भौतिक, आर्थिक सुबिधा थप गर्नुपर्छ । | १ | ७ |
| | जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

चित्र १३




१ शिक्षकलाई मूल्याङ्कन सम्बन्धी अझै अभ्यासमूलक तालिम दिनुपर्छ

२ शिक्षक दरबन्दी थप गर्नुपर्छ ।

३ कडाइका साथ अनुगमन गर्नुपर्छ ।

४ भौतिक,आर्थिक सुबिधा थप गर्नुपर्छ

नि.वि.मू. कार्यान्वयन गर्दा थुप्रै समस्याहरु आइपरेका धारणाहरु प्र.अ. तथा शिक्षकहरुवाट व्यक्त भए । समस्या समाधान गर्ने प्रमुख उपायका सम्वन्धमा धारणा वुभ्दा सवै शिक्षकहरुलाई अनिवार्य तालिम प्रदान गर्नु पर्छ भन्नेमा वहुमत पाइयो । यस्तै शिक्षक दरवन्दी वढाइनु पर्छ भन्ने पक्षमा विभिन्न धारणा व्यक्त भए भने आर्थिक भौतिक सुविधा पनि वृद्धि गर्नु पर्छ भन्ने धारणा पनि व्यक्त भएको पाइयो र कडाइका साथ यसको अनुगमन गर्नु पर्छ भन्ने धारणा पनि व्यक्त भएको पाइयो ।

## निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आइपरेका समस्या समाधानका उपायहरु :

(१) विद्यालयले निजी स्रोतमा शिक्षक नियुक्ति गर्दा तालिम प्राप्त शिक्षकहरु नियुक्ति गर्ने,
(२) सके सम्म विषयगत शिक्षकको व्यवस्था गर्ने,
(३) अभिभावकलाई सचेत तुल्याउने तथा चासो वढाउने कार्यक्रम गर्ने,
(४) निर्माणात्मक मूल्याङ्कन प्रणाली अवलम्वन गर्ने,
(५) मूल्याङ्कन प्रणालीमा आएका परिवर्तन आत्मसात् गर्ने,
(६) प्र.अ. ले शिक्षकहरुको मूल्याङ्कन सम्वन्धी अनुगमन गर्ने,
(७) शिक्षकहरुले मेहनत, लगनशील, परिश्रमी वन्न कोशिस गर्ने,
(८) विद्यालयले आवश्यक साधन स्रोत जुटाउने,
(९) सरोकार पक्षले जिम्वेवारी वोध गर्ने,
(१०) मूल्याङ्कन गर्दा परम्परावादी सोच परित्याग गर्ने,
(११) मूल्याङ्कन सम्वन्धी नयाँ सोच, धारणा तथा विचार कार्यक्रम लागु गर्न प्रेरित हुने,
(१२) आपसी समभ्रूदारीद्धारा समस्या समाधान गर्ने,
(१३) समस्यालाई समस्याको रुपमा मात्र नलिई समाधानका उपायहरुको पनि खोजी गर्ने,
(१४) निरन्तर विद्यार्थी मूल्याङ्कनलाई आफ्नै कर्तव्य सम्भ्रेर आफ्नो विद्यालयमा कार्यान्वयन गर्ने ।

# परिच्छेद पाँच :
# निश्कर्ष र सुझाव

## ५.१ निश्कर्ष

यस अध्ययनवाट प्राप्त भएका तथ्य तथ्याङ्क तथा सूचनाहरुलाई सैद्धान्तिक चिन्तनको हिसावले गरिएको व्याख्या विश्लेषण अनुसार अध्ययनकर्ता निम्न निश्कर्षमा पुगेको छः

१. अध्ययन क्षेत्रमा प्रा. तहका विद्यार्थी मूल्याङ्कन नि.वि.मू. अनुसार आंशिक रुपमा गरिएको ।
२. अध्ययन क्षेत्रमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको अनुभव भएको ।
३. समय समयमा नि.वि.मू. सम्वन्धी शिक्षकहरुलाई तालिम प्रदान गरिएको ।
४. निरन्तर मूल्याङ्कन प्रणालीवाट सिकाइ प्रभावकारी हुने धारणा रहेको ।
५. नि.वि.मू. प्रणालीवाट विद्यार्थीको वास्तविक मूल्याङ्कन हुने देखिएको ।
६. नि.वि.मू वाट विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्न सजिलो भएको ।
७. नि.वि.मू. सम्वन्धमा अभिभावकहरुको सकारात्मक सोच रहेको ।
८. यो प्रणाली कार्यान्वयन गर्न वजेटको अभाव हुन्छ भन्ने विद्यालयको गुनासो भेटिएको ।
९. नि.वि.मू. प्रयोगका लागि वातावरण अनुकुल रहेको ।
१०. शिक्षकहरुलाई अझै अभ्यासमूलक तालिम प्रदान गर्नु पर्ने देखिएको ।
११. राष्ट्रियनीति अनुरुप प्रभावकारी बन्न नसकेको ।

## ५.२ सुझावहरु

अध्ययनका क्रममा अध्ययन क्षेत्रसंग सम्बन्धित सरोकार वालाहरुसंग अध्ययन र छलफल गरी आधारभूत तहमा नि.वि.मू. प्रणाली लागु गर्न तथा प्रभावकारीता ल्याउँन विभिन्न तरिकाहरु पत्ता लगाई यस कार्यक्रमलाई देशभरि व्यवहारिक रुपमा कार्यान्वयन गर्न निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

(क) नीतिगत तह

१. परीक्षा प्रणालीवाट विद्यार्थीको वास्तविक मूल्याङ्कन हुन सक्दैन भन्ने कुरा अझै व्यापक प्रचार प्रसार गर्नु पर्छ ।
२. नि.वि.मू.का पक्षमा शैक्षिक सरोकारवालाहरुको आम सहमति जुटाउनु पर्छ ।
३. नि.वि.मू. प्रणाली देशैभरि अनिवार्य लागु गर्ने वातावरण सिर्जना गर्न पर्छ ।
४. नि.वि.मू.सम्वन्धी निर्दिष्ट फारमहरु हरेक विद्यालयमा विद्यार्थी संख्याको आधारमा उपलब्ध गराउनु पर्छ ।
५. विद्यालयमा न्यूनतम शिक्षक दरवन्दीको व्यवस्था गुर्न पर्छ ।
६. नि.वि.मू. प्रभावकारी कार्यान्वयनका लागि आर्थिक भौतिक सहयोग गर्नु पर्छ ।
७. शिक्षकलाई प्रयोगात्मक तालिम दिइनु पर्छ ।
८. वि.व्य.स. तथा शि.अ. संघका पदाधिकारीहरुलाई नि.वि.मू. लागु गराउने वातावरण सिर्जना गर्ने खालको तालिम प्रदान गरिनु पर्छ ।
९. विभिन्न निकायवाट सञ्चालन हुने सवै किसिमका तालिमहरुमा नि.वि.मू. लाई पनि समावेश गराउनु पर्छ ।

(ख) कार्यान्वयनको तह

१. नियमित तथा अनिवार्य अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था गरिनु पर्छ ।
२. पूर्ण कार्यान्वयन तथा प्रभाकारी कार्यान्वयन गर्ने विद्यालय तथा शिक्षकलाई पुरस्कारको व्यवस्था गर्नुपर्छ ।
३. प्रभावकारी कार्यान्वयन गर्ने तथा लागु नै नगर्ने शिक्षकहरुको मूल्याङ्कन गर्नु पर्छ ।
४. नि.वि.मू. प्रभावकारी रुपमा जिल्लाका सवै विद्यालयहरुमा अनिवार्य रुपमा कार्यान्वयन गराउनु पर्छ ।
५. शिक्षकलाई अझै अभ्यासमूलक तालिम प्रदान गरी कार्यान्वयन गराउनु पर्छ ।
६. सवै स्रोतकेन्द्रहरुमा अनिवार्य रुपमा नि.वि.मू. कार्यान्वयन भए नभएको यकिन गर्नु पर्छ।
७. विद्यालयमा कार्यान्वयन गरीएको नि.वि.मू. सम्बन्धि प्रमाणित कागजात जि.शि.का.मा राख्नु पर्छ र त्यसैका आधारमा अनुदानहरु दिइनु पर्छ ।

८. सवै विद्यालयमा नि.वि.मू. अनिवार्य रुपमा कार्यान्वयन गराइनु पर्छ ।

९. पाठ्यक्रमले व्यवस्था गरेको नि.वि.मू. तथा अन्य व्यवस्थालाई तुरुन्त कार्यान्वयन गर्नु पर्छ ।

१०. आ-आफ्नो विद्यालयमा विद्यार्थीहरुको मूल्याङ्कन गर्दा अनिवार्य रुपमा नि.वि.मू गर्नु पर्छ

११. परीक्षा प्रणालीको सट्टा नि.वि.मू लाई विद्यार्थी मूल्याङ्कनको मूख्य आधार मान्नु पर्छ।

१२. नि.वि.मू. सम्बन्धमा आफूलाई तोकिएको भूमिका निर्वाह गर्नु पर्छ ।

१३. नि.वि.मू. का वारेमा अस्पष्ट भएका कुराहरु सम्बन्धित व्यक्ति तथा संस्थाहरु संग स्पष्ट हुनु पर्छ ।

१४. नि.वि.मू. कार्यान्वयन गर्न अभिभावकले पनि अग्रसरता देखाउनु पर्छ ।

१५. हरेक विद्यालयका विद्यार्थीहरुको मूल्याङ्कनको प्रमुख आधार निरन्तर मूल्याङ्कन प्रणाली हो भन्ने ठान्नु पर्छ ।

१६. विद्यालयले वि.नि.मू तालिम नलिएका शिक्षकलाई तालिममा अनिवार्य पठाउनु पर्छ ।

१७. विद्यालयमा नि.वि.मू. पूर्ण र प्रभावकारी कार्यान्वयन गर्ने शिक्षकलाई प्रोत्साहन प्रदान गर्नु पर्छ ।

१८. स्रोतव्यक्तिले सवै विद्यालयहरुमा अनिवार्य नि.वि.मू. प्रयोग तथा कार्यान्वयन गरिएको छ वा छैन हेर्नु पर्छ ।

१९. शिक्षकहरुलाई यस प्रणालीमा आएका कठिनाइहरु पत्ता लगाई समस्या समाधान गर्न स्रोतव्यक्ति हर समय तयार भइरहनु पर्छ ।

२०. स्रोतकेन्द्रले नि.वि.मू. कार्यान्वयन गर्न विद्यालय तथा शिक्षकहरुलाई प्रोत्साहन प्रदान गर्नुपर्छ ।

# सन्दर्भ सामग्री


१. अधिकारी, विष्णु प्रसाद (२०६५), **प्राथमिक शिक्षक दिग्दर्शन,** काठमाण्डौः आशिष पुस्तक भण्डार, भोटाहिटी ।

२. कार्की, उपेन्द्र कुमार (२०५४), **सिकाइ सिद्धान्त र मूल्याङ्कन** , काठमाण्डौं : भृकुटी पुस्तक तथा  मसलन्द भण्डार, भोटाहिटी,।

३. कोइराला, विद्यानाथ र चन्द्र वहादुर श्रेष्ठ (२०५९), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार** , काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

४.  खनाल, पेशल (२०६६), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाण्डौः सनलाइट पब्लिकेशन किर्तिपूर ।

५. गौतम, सूर्य प्रसाद र यादवचन्द निरौला (२०६१), **माध्यमिक शिक्षक प्रतियोगीता दिग्दर्शन,** काठमाण्डौः मकालु वुक्स एण्ड स्टेशनर्स, पुतलीसडक ।

६. जवरा, स्वयं प्रकाश, चन्द्र ब.श्रेष्ठ र किरणराम रञ्जितकार (२०६५), **शिक्षामा मापन तथा मूल्याङ्कन** , काठमाडौंः विद्यार्थी, पुस्तक भण्डार, भोटाहिटी ।

७. नेपाल सरकार, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), **शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका**, भक्तपुर : सानोठिमी ।

८. नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०६८) **शिक्षा जगतको अर्ध बार्षिक पत्रिका**, भक्तपुर : सानोठिमी  ।

९. नेपाल सरकार (२०७१), **शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली** २०५९ (संशोधन सहित)  , काठमाण्डौंः कानुन किताव व्यवस्था समिति बबरमहल ।

१०. नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६६/०७२), **विद्यालय क्षेत्रसुधार योजना**, काठमाण्डौंः  सिंहदरवार ।

११. नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०६६), **पाठ्यक्रम तथा पा.पु. प्रवोधिकरण सामग्री**, भक्तपुरः सानोठिमी ।

१२. नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०६७), **विद्यार्थी मूल्याङ्कन कार्यान्वयन निर्देशिका तथा निरन्तर विद्यार्थी मूल्यांकन अभिमुखीकरण सामग्री**, भक्तपुरः/ सानोठिमी ।

१३. पा.वि.के. (२०६३), **नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३,** भक्तपुर : सानेठिमी ।

१४. पा.वि.के., (२०६२), **प्राथमिक शिक्षा पाठ्यक्रम** , भक्तपुरः, सानोठिमी ।

१५. पा.वि.के. (२०६८), **निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन निर्देशिका** (२०६८), भक्तपुर : सानोठिमी ।

१६. पा.वि.के. (२०६०), **निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक तालिम पुस्तिका,** भक्तपुर : सानोठिमी ।

१७. फुयँल, दामोदर (२०६५), **निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारीता** , इन्द्रपुर मोरङः शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना वहुमुखी क्याम्पस, अप्रकाशित कृति, शोधपत्र ।

१८. पोखरेल, नीलमणि (२०६९), **निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको वर्तमान अवस्था**, खाँदबारी ,सङ्खुवा सभा, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, वरुण वहुमुखी क्याम्पस, अप्रकाशित कृति, शोधपत्र ।

१९. शर्मा,बासुददेव (२०६४), सामुदायिक विद्यालयमा **निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारीता** ,चितवन, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सप्तगण्डकी वहुमुखी क्याम्पस, अप्रकाशित कृति, शोधपत्र ।

२०. वराल, खगराज र सीताराम कोइराला (२०६६), **शैक्षिक विकासका वहुआयामिक चिन्तन,** काठमाडौं : सोपान मासिक, डिल्लीबजार ।

२१. शिक्षा तथा खेलकुद मन्त्रालय (सन् २००३), **सवैका लागि शिक्षा २००४-२००९ मूख्य दस्तावेज**,भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

२२. शिक्षा मन्त्रालय, शै.ज.वि.के. (२०६७), **शिक्षकको पेशागत विकास कार्यक्रम, नमूना टिपिडी मोड्युल सामग्री** , भक्तपुरः सानोठिमी ।

२३. शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (२०६४), **विद्यालय स्तरीय मूल्याङ्कन सहयोगी सामग्री** (नि.मा. तह) भक्तपुरः सानोठिमी ।

२४. रा.शि.आ. को प्रतिवेदन (२०४९)

२५. उच्च स्तरीय रा.शि.आ.को प्रतिवेदन (२०५५)

२७. विद्‍यालय क्षेत्रसुधार योजना (२०६६–७२)

२४. रा.यो.आ. को प्रतिवेदन (२०६३)

## अनुसूची एक :

## स्रोतव्यक्तिका लागि प्रश्नावली

नाम :

स्रोतकेन्द्र :

१. आधारभूत तहमा लागु गरिएको नि.वि.मू. प्रणाली तपाइँको स्रोतकेन्द्रमा कतिको प्रभावकारी रुपमा कार्यान्वयन भएको छ ?

(क)पूर्ण रुपमा (ख) आँशिक रुपमा (ग) थालेकै छैन

२ आधारभूत तहमा नि.वि.मू. प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न के कस्ता कार्यक्रमहरु सञ्चालन गरीएका छन् ?

(क) तालिम सञ्चालन (ख) टी.पि.डी.तालिममा विषयवस्तु समावेश (ग) अनुगमन

३. आधारभूत तहमा नि.वि.मू. प्रणालीलाई प्रभावकारी कार्यान्वयन गर्न के कस्ता साधनहरु प्रयोग गरीएका छन् ?

(क) छलफल सूची (ख)अवलोकन फारम (ग) नि.वि.मू. अभिलेख फारम

४. आधारभूत तहमा नि.वि.मू. प्रणाली कार्यान्वयनमा आएका समस्याहरु के के होलान् ?

..........................................................................................................

५. तपाइँलाई नि.वि.मू. प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गराउनका लागि के कस्तो जिम्वेवारी सुम्पीएको छ ?

..........................................................................................................

६. आधारभूत तहमा नि.वि.मू. प्रणाली कार्यान्वयनमा आएका समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

..........................................................................................................

७. आधारभूत तहमा नि.वि.मू. प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गर्न के अझै पनि शिक्षक तालिमको आवश्यकता पर्ला ?

..........................................................................................................

# अनुसूची दुई :

## प्र.अ.को लागि प्रश्नावली

नाम :

विद्यालय :

(१) तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था कस्तो छ ?

(क) पूर्ण कार्यान्वयन भएको (ख) आँशिक कार्यान्वयन भएको (ग) थालेकै छैन

(२) तपाईले विद्यालयमा शिक्षकहरुलाई निरन्तर विद्यार्थी मूल्याङ्कन कतिको प्रभावकारी भएको छ ?

(क) पूर्ण (क) आँशिक (ग) भएको छैन

(३) निरन्तर विद्यार्थी मूल्याङ्कन प्राणालीको नीति तपाइलाई कस्तो लाग्यो ?

(क) राम्रो (ख) खर्चिलो (ग) झञ्झटिलो

(४) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्न शिक्षकहरुलाई कस्तो वातावरण तयार गर्नु भएको छ ?

(क) अनुकुल वातावरण प्रदान गर्ने (ख) तालिममा पठाउने (ग) जिम्बेवारी दिने

(५) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीवाट शिक्षक तथा विद्यार्थीहरुमा कस्तो प्रभाव परेको छ ?

..............................................................................................................

(६) निरन्तर विद्यार्थी मूल्याङकन प्रणाली प्रभावकारीतामा कस्ता कस्ता कठिनाइहरु आइपरेका छन् ?

..............................................................................................................

(७) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारीतामा आएका समस्या कसरी समाधान गर्न सकिएला ?

..............................................................................................................

(८) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नुका कारणहरु के के हुन ?

## अनुसूची तीन :

## शिक्षक/शिक्षिकाको लागि प्रश्नावली

नाम :

विद्यालय : शैक्षिक योग्यता :

(१) तपाइको विद्यालयमा कस्तो मूल्याङ्कन प्रणाली वढी प्रयोग भएको छ ?

(क) परीक्षा प्रणाली (ख) नि.वि.मू. (ग) मिश्रित

(२) के तपाइको विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली लागु भएको छ ?

(क) छ (ख) छैन

(३) तपाइले विद्यार्थी मूल्याङ्कन गर्दा निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनु भएको छ ?

(क) छ (ख) छैन (ग) आँशिक रुपमा

(४) तपाइको विद्यालयमा उदार कक्षोन्नति लागु भएको छ ?

(क) छ (ख) छैन

(५) निरन्तर मूल्याङ्कन प्रणालीमा के कस्ता समस्याहरु आइपरेका छन् ?

..........................................................................................................

(६) निरन्तर विद्यार्थी मूल्याङ्कनमा आएका समस्याहरुलाई समाधान गर्ने उपायहरु के के देख्नुहुन्छ ?

..........................................................................................................

(७) निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा लागु गर्नका लागि कस्ता कस्ता विधि र प्रक्रिया अपनाउनु पर्ला ?

..........................................................................................................

(८) तपाइलाई प्र.अ.ले निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्न आवश्यक समय प्रदान गर्नु भएको छ ?

..........................................................................................................

## अनुसूची चार :

## वि.व्य.स.अध्यक्षका लागि प्रश्नावली

नाम :

विद्यालय : शैक्षिक योग्यता :

(१) तपाइको विद्यालयको भौतिक व्यवस्थापनको अवस्था कस्तो छ ?

(क) उत्तम (ख) मध्यम (ग) सामान्य

(२) तपाइको आफ्ना नानीहरुलाई विद्यालयमा कतिको नियमितता दिनु हुन्छ ?

(क) दिएको छ (ख) अलि अलि (ग) घरको काम पनि गर्नुपर्छ

(३) तपाइको विद्यालयमा विद्यार्थीहरुको उत्तीर्णदर कस्तो छ ?

(क) उत्तम (ख) मध्यम (ग) सामान्य

(४) के तपाइका विद्यालयका विद्यार्थीहरुले अनुत्तीर्ण भइ विद्यालय छाड्ने गरेका छन् ?

(क) छन (ख) छैनन (ग) कसैले त छाडे होलान

(५) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका वारेमा तपाइलाई थाहा छ ?

(क) थाहा छ (ख) थाहा छैन (ग) अलि अलि थाहा छ

(६) निर्णयात्मक मूल्याङ्कन प्रणालीवाट मात्र विद्यार्थीको सवै पक्षको मूल्याङ्कन हुन सक्ला?

..............................................................................................................

(७) उदार कक्षोन्नति प्रणाली तपाइलाई कस्तो लाग्छ ?

..............................................................................................................

(८) के निरन्तर मूल्याङ्कन प्रणालीका वारेमा प्र.अ. तथा शिक्षकहरुले तपाइलाई जानकारी गराउनु भएको छ ?

..............................................................................................................

## अनुसूची पाँच :

## विद्यार्थीहरुका लागि प्रश्नावली

नाम : कक्षा :

विद्यालय : रो.नं :

(१) तपाइँलाई परीक्षा देखि डर लाग्छ लाग्दैन ?

(क) लाग्छ (ख) अलि अलि लाग्छ (ग) लाग्दैन

(२) तपाइँको विद्यालयमा कुन कुन साधनहरुबाट तपाइँहरुको मूल्याङ्कन गरीन्छ ?

(क) प्रश्न पत्रबाट (ख) अवलोकनबाट (ग) अन्य साधनबाट

(३) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका बारेमा के थाहा छ ?

(क) थाहा छ (ख) थाहा छैन (ग) अलि अलि थाहा छ

(४) लिखित परीक्षाबाट मात्र विद्यार्थीहरुको वास्तविक मूल्याङ्कन हुन सक्छ जस्तो लाग्छ ?

(क) लाग्छ (ख) लाग्दैन (ग) थाहा छैन

(५) उदार कक्षोन्नतिका बारेमा तपाइँलाई थाहा छ ?

(क) थाहा छ (ख) थाहा छैन (ग) अलि अलि थाहा छ

(६) तपाईको कक्षामा शिक्षण कार्य गर्दा गुरुहरुले कस्तो मूल्याङ्कन प्रणाली अपनाउनु हुन्छ?

..........................................................................................................

(७) तपाइँ विद्यालयमा नियमित रुपमा सधैँ उपस्थित हुनुहुन्छ ?

..........................................................................................................

(८) तपाइको विद्यालयमा कस्तो मूल्याङ्कन प्रणाली वढी प्रयोग भएको छ ?

..........................................................................................................

(९) के निरन्तर मूल्याङ्कन प्रणालीका वारेमा प्र.अ. तथा शिक्षकहरुले तपाइँहरुलाई जानकारी गराउनु भएको छ ?

..........................................................................................................

(१०)तपाइँलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र परीक्षा प्रणाली मध्ये कुन उपयुक्त लाग्छ ?

..........................................................................................................

## अनुसूची छ :
## छलफलको सूची

यस अध्ययनलाई प्रभावकारी तथा उद्देश्यमूलक वनाउन प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरुसंग गरिएको छलफलको सूची :

(१) मूल्याङ्कनका तरिकाहरु ,
(२) विद्यार्थी मूल्याङ्कनमा प्रयोग भइरहेको तरिका ,
(३) परिक्षा प्रणाली र यसका कठिनाइहरु ,
(४) अपेक्षित शैक्षिक उपलब्धी प्राप्त हुन नसक्नुका कारणहरु ,
(५) निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणा महत्व र आवश्यकता ,
(६) उदार कक्षोन्नति ,
(७) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोगको वर्तमान अवस्था ,
(८) निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रयोग गरिने फारमहरु र यी फारमहरुको प्रयोग र व्यवस्थापनको वर्तमान अवस्था ,
(९) निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुभव तथा सुपरिवेक्षणको अवस्था र प्राप्त नतिजा ,
(१०) निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा आइपरेका समस्या र समाधानका उपायहरु,
(११) निरन्तर विद्यार्थी मूल्याङ्कन सफल वनाउन गर्नुपर्ने कार्यहरु ,
(१२) विद्यालयमा वि.व्य.स. र अभिभावकको भूमिका तथा कर्तव्य ,
(१३) विद्यार्थीको भूमिका तथा कर्तव्य ।

## अनुसूची सात :

## विद्यालय सर्वेक्षण फारम

(१) के पाठ्यक्रमले व्यवस्था गरे वमोजिम तपाइको विद्यालयमा कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गरीएको छ ?

छ ☐ छैन ☐

छ भने कसरी प्रयोग गरीएको छ ?

पूर्ण रुपमा ☐ आंशिक रुपमा ☐

(२) निरन्तर विद्यार्थी मूल्याङ्कन सम्वन्धि तालिम शिक्षकहरुले लिनु भएको छ ?

छ ☐ छैन ☐

छ भने कति जनाले लिनु भएको छ ? ☐ जनाले

(३) विद्यार्थी उत्तीर्ण गर्न कुन प्रणालीलाई मूख्य आधार मान्नु भएको छ ?

नि.वि.मू. प्रणाली ☐ परीक्षा प्रणाली ☐

(४) नि.वि.मू. सम्वन्धी फारमहरुको व्यवस्थापन र प्रयोग गर्नु भएको छ ?

छ ☐ छैन ☐

(५) नि.वि.मू. लागु भए नभएको माथिल्लो निकायवाट अनुगमन हुने गरेको छ ?

छ ☐ छैन ☐

छ भने कुन निकायवाट भएको छ ?

स्रोतकेन्द्र ☐ सवैवाट ☐

(६) नि.वि.मू. सम्वन्धि फारमहरु के मा व्यवस्थापन गर्नु भएको छ ?

टेवुलमा ☐ र्‍याकमा ☐ दराजमा ☐ अफिस कोठामा ☐

(७) नि.वि.मू.को प्रमुख जिम्वेवारी कसले लिनु भएको छ ?

शिक्षकले ☐ प्र.अ.ले ☐ प्रशासकीय सहायकले ☐

## अनुसूची आठ :
## नमूना छनोटमा परेका विद्यालय विवरण

| क.सं | विद्यालयको नाम | ठेगाना | प्र.अ.को नाम | वि.व्य.स.अध्यक्ष |
|---|---|---|---|---|
| १ | सगरमाथा उ.मा.वि.ताम्कू | ताम्कू १ | नरबुङ राई | रमेशकुमार राई |
| २ | कालिका मा.वि. नेवाटार | सिसुवा खोला ५ | कर्ण ब.राई | अलक्षकुमार राई |
| ३ | भिमसेन नि.मा.वि. तामालुङ | सिसुवा खोला २ | दुष्यन्त आचार्य | राजकुमार राई |
| ४ | माहेश्वरी प्रा.वि. कोल्वा | ताम्कू ३ | गञ्ज ब. राई | धन ब.राई |
| ५ | जालपा प्रा.वि.सिसुवाटार | बाला १ | प्रल्हाद कार्की | राम ब.राई |

स्रोत : शोध सर्वे २०७१

## अनुसूची नौ :
## अध्ययन क्षेत्रको जम्मा विद्यार्थी विवरण ( आधारभूत तहको मात्र)

| क.स. | विद्यालयको नाम | ठेगाना | आधारभूत तहको विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा |
| १ | सगरमाथा उ.मा.वि.ताम्कू | ताम्कू १ | १४३ | २२९ | ३७२ |
| २ | कालिका मा.वि. नेवाटार | सिसुवा ५ | १२१ | ७८ | १९९ |
| ३ | भिमसेन नि.मा.वि. तामालुङ | सिसुवा २ | ४६ | ६० | १०६ |
| ४ | माहेश्वरी प्रा.वि. कोल्वा | ताम्कु ३ | २७ | ३० | ५७ |
| ५ | जालपा प्रा.वि.सिसुवाटार | वाला १ | १४ | १२ | २६ |
| | जम्मा | | ३५१ | ४०९ | ७६० |

स्रोत : शोध सर्वे २०७१